4264857

# धर्मकीर्ति

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY




वक्तृत्वकला प्रतियोगिता पुरस्कार वितरण दिनुहुँदै भिक्षु अश्वघोष

DHARMAKIRTI

**गुरु पुन्ही**

वर्ष–२२; अङ्क–३

बिक्रम सम्वत् २०६१

# धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ ।

२. 'धर्मकीर्ति' का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू लेखी पठाउनु होस् ।

३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू समयमै (औंसिसम्म) हामीलाई लेखी पठाउनु होस् ।

४. हामी तपाईँको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं ।

५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफै हुनेछ– सम्पादक मण्डल हुने छैन ।

## ■ विषय–सूचि ■


| क्रसं | विषय | लेखक | पेज नम्बर |
|---|---|---|---|
| १. | बुद्ध–वचन | – | १ |
| २. | सम्पादकीय– आषाढ पूर्णिमाको महत्व | – | २ |
| ३. | धम्मपद–१७१ | – रीना तुलाधर | ३ |
| ४. | धर्मकीर्ति पत्रिकाको विशेष सक्समहरू | – | ३ |
| ५. | धर्मात्मा प्रमुदित हुन्छ | – विनोद कुमार पासवान | ४ |
| ६. | धर्म, संस्कृति र अध्यात्म | – नरेन्द्रनाथ भट्टराई | ५ |
| ७. | बाल आश्रमलाई सहयोग | – | ६ |
| ८. | मिथ्यादृष्टि शिकारीको गति | – भिक्षु संघरक्षित | ७ |
| ९. | छलफल– परम्परावादीहरूले मानीआएको प्रथा ? | – मेघदूत | ८ |
| १०. | निर्वाण | – परिक्रमा गोविन्द तुलाधर | ९ |
| ११. | बिस्वास मदुगु चित्त | – श्रीमती चन्द्रावती तुलाधर | ९ |
| १२. | बुद्धगीत | – के.पी. घर्ती मगर | ९ |
| १३. | मिखाँ छ्वबि हाल | – किशोर धुल: (श्रा. धम्मदेव) | १० |
| १४. | धर्मकीर्ति विहार–गतिविधि | – | १२ |
| १५. | उपासकया भिंतुना | – बेखारत्न शाक्य | १७ |
| २६. | धर्म प्रचार–समाचार | – | १८ |


- धर्मकीर्तियात छिगु ग्वाहालीया आवश्यकता दु । छिगु प्रत्येक ग्वाहाली पत्रिकाया लागी त:धंगु तिब: ज्वीफु ।
- छि थ: ग्राहक जुया दिसँ, मेपिन्त नं ग्राहक याना दिसँ ।
- छिं थ:गु पस:, उद्योग, व्यापार, कार्यालयया बिया च्वगु प्रत्येक विज्ञापन पत्रिकायात त:धंगु ग्वाहाली जूवनी ।
- धार्मिक व सामाजिक पक्षया रचना च्वया, सुझाव व सल्लाह बिया पत्रिकायात रोचक व स्तरीय यायगुली नं ग्वाहाली बीफु ।
- आसे धयादीमते, बिचा: याना दिसँ– 'धर्मकीर्ति' यात बांलाकेत छिं गुकथं ग्वाहाली बिया बीफु ।

Downloaded from http://www.dhamma.digital

*प्रमुख व्यवस्थापक*
विद्यासागर रञ्जित
फोन: ४२५ ८९५५, ४२२ ४९१२

*व्यवस्थापकहरू*
चिनीकाजी महर्जन
फोन: ४२५ ३१८२
ज्ञानेन्द्र महर्जन
फोन: ४२७ ६९०८

*सह-व्यवस्थापक*
ध्रुवरत्न स्थापित

*सम्पादक*
भिक्षुणी वीर्यवती
फोन: ४२५ ९४६६

*प्रधान सम्पादक*
भिक्षु अश्वघोष महास्थविर
फोन: ४२५ ९११०

*प्रकाशक र विशेष सल्लाहकार*
भिक्षुणी धम्मवती
फोन: ४२५ ९४६६

*कार्यालय*
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५४८
नेपाल सम्वत् ११२४
इस्वी सम्वत् २००४
विक्रम सम्वत् २०६१

| | |
|---|---|
| विशेष सदस्य | रु. १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. ७५/- |
| यस अङ्कको | रु. ६/- |


# धर्मकीर्ति
## (बौद्ध मासिक)
# THE DHARMAKIRTI
## *A Buddhist Monthly*
**JULY 2004**


| | | | |
|---|---|---|---|
| वर्ष- २२ | अङ्क- ३ | गुरु पुन्ही (असार) | असार २०६१ |





★ जसको संग्रह छैन, जो भोजनमा संयमी छ र शून्य स्वरूप निर्वाणमा दत्तचित्त छ त्यस्ताको गति आकाशमा उड्ने पंक्षीको गति जस्तो बेल्न गाह्रो हुन्छ ।

★★★

★ आफ्नो मार्ग तय गरिसकेको शोकरहित भएर सबै गाँठो फुकीसकेको व्यक्तिलाई शोक सन्ताप हुँदैन ।

★★★

★ ठूल-ठूला ढुङ्गालाई हावाले उखेल्न नसकेझैं निन्दा र प्रशंसाले पण्डितहरूलाई विचलित गराउन सक्दैन ।

★★★

# आषाढ पूर्णिमाको महत्त्व

बैशाख पूर्णिमाको महत्त्व त धेरैजसोलाई थाहा भएको नै विषय हो। यही दिन लुम्बिनीमा सिद्धार्थ गौतमको जन्म भएको थियो भने यही दिनमा बुद्धगया (भारतमा) सिद्धार्थ गौतमले बुद्धत्त्व प्राप्त गरी बुद्ध हुनुभएको थियो। त्यति मात्र होइन यही पवित्र दिनमा नै बुद्धले कुशीनगरमा (नश्वर शरीर त्याग गरी) महापरिनिर्वाण पनि हुनु भएको थियो।

बुद्ध पूर्णिमा पछिको अर्को महत्त्वपूर्ण पूर्णिमा आषाढ पूर्णिमा हुन आउँछ। सिद्धार्थ कुमारले महामाया देवीको कोखमा गर्भ प्रवेश गर्नु भएको दिन आषाढ पूर्णिमालाई नै मानिन्छ। सिद्धार्थ कुमारले राजदरबार त्यागी अभिनिष्क्रमण गर्नु भएको दिन पनि आषाढ पूर्णिमा नै थियो। बुद्धत्त्व प्राप्त गर्नु भएपछि सर्वप्रथम पंच भद्रवर्गीयहरू (कोण्डञ्ञ, भद्दिय, वप्प, महानाम र अस्सजि आदि) लाई धर्मचक्र प्रवर्तन सूत्र उपदेश दिनुभएको दिन पनि यही दिन थियो।

वास्तवमा भन्ने हो भने बुद्ध जीवनीमा सबैभन्दा महत्त्वपूर्ण घटना नै धर्मचक्र देशना हो। किनभने बुद्धले आफूले प्राप्त गर्नु भएको ज्ञानलाई यसरी प्रचार गर्नु नभएको भए बैशाख पूर्णिमाको महत्त्व रहने त कुरै भएन।

बुद्धले देशना गर्नुभएको धर्मचक्र सूत्रमा दुःखबाट मुक्तहुने उपाय मध्यम मार्ग (आर्य अष्टाङ्गिक मार्ग) को व्याख्या गरिएको छ। मध्यम मार्ग भन्नु नै दुईवटा अति (सांसारिक मोजमज्जामा मात्र भुलिरहने बानी र अति कष्टमय दुःखी जीवन) बाट मुक्त भई यी दुईको बीचमा रही मध्यम जीवन बिताउन सक्नुलाई भनिन्छ। त्यसैले हामी सबैले आषाढ पूर्णिमाको महत्त्वलाई बुझ्न आवश्यक छ। किनभने यही पवित्र दिनमा बुद्धले आफ्नो पहिलो सन्देशको रूपमा सारनाथमा धर्मचक्र सूत्र व्याख्या गर्नु भएको थियो।

बौद्ध देशहरूमा धर्मचक्र सूत्र खूब पाठ गरिन्छ। तर सूत्रमा बताइएको अर्थलाई त्यति ध्यान नदिइएकोले होला उनीहरू समाजलाई गतिशील बनाउने कार्यतर्फ राम्ररी लागेको देखिंदैनन्। हुनत समाजलाई प्रगतिशील बनाउको लागि नै बुद्धले धर्मचक्र सूत्र देशना गर्नु भएको हो। तर आजभोली प्रगतिशील शब्द प्रयोग गर्दा राजनैतिक दृष्टिले हेर्ने गर्छन्। बुद्धको शिद्धान्त अनुसार गतिशील हुनका लागि मानिसमा प्रज्ञा चक्षु, प्रज्ञा ज्ञान अर्थात् सम्यक दृष्टि र सम्यक संकल्प हुनु अति आवश्यक छ। राम्ररी भन्ने हो भने बुद्धद्वारा देशना गरिएको धर्मचक्र शिक्षामा अन्धविश्वास, जातिभेद, परम्परागत कुसंस्कार र कुसंस्कृतिको गन्ध पटक्कै छैन। त्यसैले हामीले भन्न सक्छौं- धर्मचक्र शिक्षा प्रगतिशील बनाउने शिक्षा हो। परिस्थिति अनुसार प्रगतिशील शब्दलाई गतिशील भन्नु नै समयोचित देखिन्छ।

बुद्धको विचार अनुसार समाजमा आध्यात्मिक र भौतिक गरी दुबै तर्फबाट गतिशील विकास हुनुपर्ने देखिन्छ। तर यसरी हुन सकेको देखिंदैन। तैपनि कुनै कुनै संस्था त भौतिक रुपमा मात्र गतिशील भैरहेको देखिन्छ। हाम्रो नेपालमा त च्याउ उम्रे भैं बिभिन्न संघ संस्थाहरूको संख्यामा वृद्धि भइरहे तापनि तिनीहरूमा गतिशीलताले ठाउँ लिन सकेको देखिंदैन। मुख्य कुरो त संस्थाका पदाधिकारीहरू आफु आफुमा असन्तुष्ट हुन पुग्छन्। अनि गतिशीलतालाई त्यागी गतिहीन भइदिन्छन्।

तैपनि कुनै कुनै धार्मिक संस्थाले आफ्नो शाखसलाई समेटी गतिशील बन्न कोशिस चाहिं गरिरहेको नै देखिन्छ। ती संस्थाहरू मध्ये धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीलाई पनि लिन सकिन्छ। किनभने यस संस्था स्थापना भएको २५ वर्ष नाघिसक्यो। तैपनि यसले आफ्ना कार्यक्रमहरू (प्रत्येक शनिबार बुद्ध शिक्षा अध्ययन कार्यक्रम संचालन गर्ने, पत्रिका र पुस्तक प्रकाशन, प्रत्येक वर्ष बुद्ध पूर्णिमाको उपलक्षमा रक्तदान कार्यक्रम संचालन, समय समयमा स्वास्थ्य सेवा कार्यक्रम संचालन आदि) लाई गतिशील बनाइरहेकै देखिन्छ। तर गाउँघरमा धर्मप्रचार गर्न जाने कार्यक्रममा भने केही कारणवस शिथिलता आइरहेको देखिन्छ।

यसरी नै युवा बौद्ध समूह काठमाडौंले संचालन गरिराखेको **"जनजातीमा बौद्ध जागरण कार्यक्रम"** मा अलि ढीला सुस्ती छाएको देखिन्छ। तैपनि गतिशील नै छ।

फेरि ल.पु. युवक बौद्ध मण्डल (Y.M.B.A.) ले पनि प्रत्येक शनिवार संचालन गरिराखेको प्रवचन कार्यक्रम र वर्षको एक पटक विशेष पत्रिका प्रकाशन गर्ने कार्यक्रमलाई गतिशील नै बनाइरहेको देखिन्छ।

त्यस्तै धरान युवा बौद्ध साथी, युवा बौद्ध संघ तानसेन र भक्तपुर युवा बौद्ध पुचः तथा मैत्रीय युवा बौद्ध संघ पनि हालसम्म गतिशील नै देखिन्छ।

बुद्धको धर्मचक्र सूत्रले दिएको शिक्षा पनि चरित्र सुधारमा गतिशील हुनु हो। तर राष्ट्रिय बौद्ध संस्था धर्मोदय सभा स्थापना भएको पचासौं वर्ष बितिसक्यो। तैपनि यस संस्था राष्ट्रिय बौद्ध सम्मेलन एउटामा मात्र सीमित भएर रहनु गतिशील हुन नसक्नुको चिन्ह हो र यो दुःखलाग्दो कुरो पनि हो। शुरु शुरुमा त यस संस्थाले धर्मोदय पत्रिका र पुस्तक प्रकाशन गरी खूब प्रगति गरेको थियो। यो कार्य पछि सेलाएर गयो। तैपनि हाल आएर महिनाको एक पटक प्रवचन कार्यक्रम र चार महिनामा एक पटक धर्मोदय पत्रिका प्रकाशन भैरहेको खुशीको कुरो हो। त्यस्तै २०१३ सालमा चौथो विश्व बौद्ध सम्मेलन र पछि १४ औं (चौधौं) विश्व बौद्ध सम्मेलनको आयोजना गरेको धर्मोदय सभाको देनलाई बिर्सन सकिंदैन। किनभने धर्मोदय सभाद्वारा आयोजित यी दुई विश्व बौद्ध सम्मेलनले नेपालको प्रतिष्ठा बढेको छ र बुद्ध जन्मभूमी नेपाल हो भन्ने कुरोलाई यसले प्रचार गरेको छ।

अन्त्यमा आषाढ पूर्णिमाको महत्त्वबारे विशेष चर्चा गरिएको यस विषयले बुद्धका शिष्यहरू हामी सबै गतिशील बन्नका लागि आषाढ पूर्णिमाको प्रेरणालाई प्रतिक्षण सम्झी यसलाई अभ्यास गर्न सकोस् भनी कामना पनि गर्दछ। ■



Downloaded from http://www.dhamma.digital

# धम्मपद-१७१

■ **रीना तुलाधर** 'परियत्ति सद्धम्म कोविद'

**सील दस्सन सम्पन्नं-धम्मट्ठं सच्चवादिनं**
**अत्तनो कम्म कुब्बानं-तं जनो कुरुते पियं**

अर्थ- जो शीलवान तथा सम्यक दृष्टि सम्पन्न छ, जो सत्य धर्ममा स्थिर छ, सत्यवादी भएर आफ्नो काम गर्छ, त्यो व्यक्ति लोकजनको प्रिय हुन्छ ।

घटना-उपरोक्त गाथा भगवान बुद्धले राजगृहमा वेणुवन विहारमा बस्नु भएको बेला पाँचसय बालकको कारणमा भन्नु भएको थियो ।

राजगृह नगरमा एक उत्सवको दिन थियो । भगवान बुद्ध आठजना वरिष्ठ महास्थविरहरू र पाँचसय भिक्षुहरूलाई साथमा लिएर भिक्षाटनको लागि राजगृह नगर भित्र जानु भएको थियो । त्यही बाटो उत्सव मनाउन पाँचसय बालकहरू टाउकोमा मिठाइको पोको बोकेर उद्यानतिर गईरहेका थिए । भगवान बुद्ध सहित भिक्षु संघलाई देखेपछि बालकहरूले सादर बन्दना गर्दै आफ्नो बाटो लागे । पाँचसय बालकमध्ये एकजनाले पनि बुद्ध र भिक्षु संघलाई "मिठाइ एक टुक्रा दान गरेन ।

भगवान बुद्धले भिक्षुहरूलाई सोध्नु भयो- "मिठाइ खान्छौ के ?" भिक्षुहरूले जवाफ दिए- "ती बालकहरू मध्ये एक जनाले पनि मिठाइ दान दिएनन् । कहाँबाट खाने ?"

बुद्धले भन्नुभयो- "मलाई र तिमीहरूलाई दान नदिएपनि एकजना भिक्षु पछाडी आइरहेको छ जसलाई बालकहरूले मिठाई दान दिनेछ । आज चाहिँ मिठाई खाएरै जाने राम्रो होला ।" यति भनेर भगवान बुद्ध भिक्षुहरूलाई साथमा लगी एउटा रुखमुनि बस्नु भयो ।

पछाडीतिर आइरहेका काश्यप महास्थविरलाई देखेपछि बालकहरू दंग परे । उनीहरू अति खुशि भए । स्थविरप्रति मनमा अति स्नेह उत्पन्न गरेर ती बालकहरूले आ-आफूले बोकेर ल्याएका मिठाईको पोको स्थविरको अगाडि चढाएर भने- "भो भन्ते ! तपाईँलाई जति मन पर्छ खानुहोस् ।"

काश्यपले बालकहरूलाई भने- "ऊ त्यहाँ देख्यौ ! तथागत भिक्षु संघका साथ बस्नु भएको छ । उहाँहरूलाई पनि मिठाइ दान गरेर आऊ ।"

"हवस्" भनी बालकहरूले भगबान बुद्ध र भिक्षुहरूलाई पनि मिठाइ दान गरे । सबैले मिठाइ खान सकेपछि नबुझेका केही भिक्षुहरूलाई असजिलो लाग्यो र भन्न थाल्यो-"यी बालकहरूले पक्षपात गरे । तथागत र बाँकि वरिष्ठ महास्थविरहरूलाई दान नदिईकन केवल काश्यप भिक्षु एकजनालाई मात्र सबै मिठाई दान गरे ।"

भिक्षुहरूको यो नादान कुरा सुनेर भगवान बुद्धले भन्नुभयो- "हे भिक्षुहरू ! मेरा पुत्र महाकाश्यप जस्ता भिक्षुलाई देव, मनुष्यले पनि प्रेम गर्छ । तिनीहरूले उनलाई चतु प्रत्यय द्वारा पूजा गर्ने नै गर्छ ।" यति आज्ञा भएर भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो ।

धर्म देशनाको अन्तमा ती पाँचसय बालकहरू सबैजना स्रोतापत्ति फलमा प्रतिष्ठित भए । ■

**धर्मकीर्ति संस्थाको विशेष सदस्यहरू**

क्र.सं. ४२९

**श्रीमती नारायण देवी मानन्धर**
कालिमाटी, काठमाडौं ।
रु. १००५।-

क्र.सं. ४३०

**धर्म वहादुर शाक्य**
पिं वहाः पाटन
रु. १००५।-

**आधुनिक युगको महान दाता ज्ञानज्योति कंसाकारको देहान्त भएकोले बुद्ध शासनको ठूलो क्षति पुग्न गएको छ ।**

**भूल सुधार**

*धर्मकीर्ति वर्ष २२, अङ्क २ को निम्न लिखित पृष्ठहरूमा भूल सुधार गरिएको छ ।*

(१) पृष्ठ ६७ सामूहिक तस्विर मुनि वि.सं. १९९७ साल हुनुपर्नेमा अन्यथा हुनपुगेको ।

(२) पृष्ठ ६८ को ३४ हरफमा इश्वी संवत् १९४४ हुनुपर्नेमा अन्यथा हुनपुगेको छ । -सं.

# "धर्मात्मा प्रमुदित हुन्छ"

■ संकलन-विनोद कुमार पासवान

महामुनी, तथागत-गौतम बुद्धको समयको एक घटना हो।

एक समय तथागत कोशल राज्यको समृद्धशाली नगरी श्रावस्तीको जेतवनाराममा विहार गरिरहनु भएको थियो । त्यसबेला श्रावस्तीमा ५०० जना धार्मिक उपासकहरू थिए । ती मध्ये जेठो एकजना धम्मिक उपासकका सात पुत्र र सात पुत्रीहरू थिए । तिनीहरू आफ्ना माता-पिताका अनुजात (आमा-बाबु समान कामगर्ने) पुत्र-पुत्री थिए । तिनीहरू मध्ये प्रत्येकले सलाक भोजन, पाक्षिक भोजन, नवचन्द्र भोजन र वर्षा वासिक भोजन दान दिन्थे ।

यसरी सो धम्मिक उपासक आफ्नी धर्मपत्नी तथा चौध जना छोरा-छोरी समेत गरी सबै सोह्र जनाले सलाक दान दिने गर्दथे । साथै, उपासक आफ्ना पुत्र-पुत्री तथा भार्या सबैजना शीलवान, कल्याण धर्मी तथा विभाजन गरी दान दिने कार्यमा दक्ष थिए ।

समय बित्दै जांदा धम्मिक उपासक विरामी भए, थला परे । आयु संस्कार क्षय हुन थाल्यो । उनलाई धर्म-उपदेश सुन्न मन लाग्यो । आफ्नो मनको कुरा तथागतलाई अवगत गराई उनीकहां भिक्षुहरू पठाइदिनका लागी सविनय अनुरोध गर्न मानिस पठाए । भगवान बुद्धले उनले चाहेको जति भिक्षुहरू पठाइदिनु भयो । ती भिक्षुहरू धम्मिक उपासकको पलङ्ग वरिपरि बिछ्याइएको आसनमा बसे । भिक्षुहरूले धम्मिक उपासकको इच्छानुसार सबै बुद्धहरूले साथमा राख्ने 'सतिपट्ठान सुत्त' पाठ गर्न थाले । सूत्र पाठ सुनीरहेको उपासकले एकाएक भन्न थाले "भो, भो, नकराऊ" यता सुत्र पाठ गरिरहेका भिक्षुहरूले उनीहरूलाई भनेको होला भन्ठानी पाठ नगरीकन चूप लागे ।

छोरा-छोरीहरूले विचार गरे- "हाम्रा पिता पहिले धर्मश्रवण गर्दा कहिले तृप्त हुँदैनथे । अहिले आफैले भिक्षुहरू बोलाउन पठाई सूत्र पाठ गरिरहेकालाई आफैले रोक्नु भयो । "मरण भय देखि नडराउने प्राणी कोहि हुँदो रहेनछ" - भन्दै सबै रुन थाले । "अब यहां बसिरहने समय होइन" भन्ठानी भिक्षुहरू पनि आसनबाट उठेर गए ।

केहि छिन पछि धम्मिक उपासकले छोरा-छोरीहरूसंग सोधे- "तिमीहरू किन रोइरहेको ?"

तिनीहरूले भने- "पिता जी ! तपाईले धर्मश्रवण गरिरहनु भएको बेलामा 'भो, भो नकराऊ' भन्नु भयो । त्यसैले हामीहरू मरण भय देखी नडराउने प्राणी कोही हुंदो रहेनछ" भन्दै रोइरहेका हौं ।"

धम्मिक उपासकले सोधे- "आर्यहरू खोइ त ?"

तिनीहरूले भने- 'अब यहां बस्ने समय होइन' भनी उहांहरू फर्केर जानुभयो ।

धम्मिक उपसकले भन्न थाल्यो- "मैले भन्तेहरूलाई नकराउ भनेको होइन । मैले त भन्तेहरूले पाठ गर्नु भएको शब्द सुन्ने आशाले त्यसमा बाधा पुऱ्याउन आउनेहरूलाई नकराउ भनेको थिएँ । अब मैले यो देह त्यागेर जाँदैछु । तिमीहरू मेरो चिन्ता नगर मैले जस्तै पूण्य कार्य गरी जीवन बिताउनु ।" यसो भन्दै उपासकले प्राण त्यागे ।

उता विहारमा पुगेका भिक्षुहरूलाई तथागतले सोध्नुभयो- "भिक्षुहरू उपासकले राम्रोसंग धर्मश्रवण गर्‍यो ?"

भिक्षुहरूले बिन्ति गरे- "भन्ते, भगवान ! हामी पाठ गरिरहेका थियौं । बीचैमा उनले हामीलाई रोके । उनका छोरा-छोरीहरू रुन थाले । अनि हामीहरू आसनबाट उठेर आयौं ।"

भगवान बुद्धले भन्नुभयो- "भिक्षुहरू उनले तिमीहरूलाई रोकेको होइन । उसले तिमीहरूले पाठ गरेको सुनीराख्ने मनसायले नै अरु कसैलाई त्यसो भनेको हो । अब उसले आफ्नो देह त्यागी राम्रो गति प्राप्त गरिसकेको छ ।"

यति भनी शास्ता (बुद्ध) ले यो गाथा प्रकाश पार्नुभयो-

**"इध मोदति पेच्च मोदति,**
**कतपुञ्ञो उभयत्थ मोदति ।**
**सो मोदति सो पमोदति**
**दिस्वा कम्म विसुद्धिमत्तनो ॥"**

अर्थ- "पुण्य कर्म गर्ने व्यक्ति ईह लोक र परलोक दुवै लोकमा हर्षित हुन्छ, मुदित हुन्छ । आफूले गरेको कुशल, शुद्ध कर्म सम्झेर- देखेर झन प्रमुदित हुन्छ"

यस प्रकार- अप्रमादीहरू चाहे गृहस्थ हौस् वा प्रव्रजित; तिनीहरू यस लोक र परलोक दुवै लोकमा प्रमुदित हुन्छन् भनी तथागतको यस धर्म देशनाको अवसानमा धेरै लोकजनहरू स्रोतापत्ति, सकृदागामी आदि आर्य मार्गफलमा प्रतिष्ठित भए । अरु श्रोतावर्गहरूलाई पनि धर्मदेशना सार्थक भयो ।

*- सिरहा, भवानीपुर-२*



Downloaded from http://www.dhamma.digital

# धर्म, संस्कृति र अध्यात्म

■ नरेन्द्रनाथ भट्टराई

कतिपयले धर्म र संस्कृति एउटै हो भन्ने ठानेका छन् भने कतिपयले संस्कृति नै धर्म हो भन्ने मानेका छन्। यसैगरी कतिपयले धर्म र अध्यात्म एउटै हो भन्ने ठानेका छन् भने कतिपयले धर्म नै अध्यात्म हो भन्ने पनि मानेका छन् तथा कतिपयले अध्यात्मको नामै नसुनेका र अध्यात्म संग बिल्कूलै अनभिज्ञ पनि रहेका छन्।

स्मरणीय छ, संस्कृति र धर्म एउटै होइन तथा संस्कृतिनै धर्म पनि होइन। यसैगरी धर्म र अध्यात्म पनि एउटै होइन तथा धर्म नै अध्यात्म पनि होइन। यी एक आपसमा संबन्धित जरूर छन् तर आ-आफ्नो स्थानमा अलग्गै महत्व राख्दछन्। अब यी तीनवटालाई अलग अलग राखेर हेरौं। यी तीनवटा मध्ये हाम्रो जीवनको लागि सबभन्दा बढी महत्वपूर्ण स्थान धर्मले र सबभन्दा कम संस्कृतिले लिएको हुन्छ।

**धर्मः** धर्म सनातन हुन्छ। सबैलाई समान रूपले यो लागु हुन्छ। धर्म एउटै हुन्छ, संस्कृति, चलन फरक हुन सक्छ। एकदम सरल ढंगबाट भन्नुपर्दा धर्म भनेको ती काम कुरा हुन् जसलाई हामीले धारण गर्दा अर्थात् अपनाउँदा अर्थात जीवन व्यवहारमा उतार्दा अरू कसैलाई हानी, नोक्सानी पर्न नगैकन आफ्नो कल्याण हुन्छ। आफ्नो कल्याणको साथै अरूको पनि कल्याण हुन जाने काम कुरा गर्नु चाहिं सर्वोच्च कोटिको धर्म हुन्छ।

**"शरीर माध्यम खलू धर्म साधनम्"** सबप्रकारका धर्म कर्म गर्ने मुख्य साधन हाम्रो आफ्नै शरीर भएकोले शरीरको रक्षा गर्नु, स्वस्थ राख्नु, सफा र शुद्ध राख्नु धर्मको पहिलो कदम हो। रोगी, अशक्त शरीर भएमा केही पनि गर्न सकिन्न। शरीर भन्दाखेरी हाम्रो अन्तःकरण अर्थात मानसिक स्थिति पनि यसै भित्र समाहित हुने भएकोले धर्म गर्न शारीरिक र मानसिक स्वस्थता र शुद्धता दुवैलाई हामीले समान रूपले ध्यान दिनु पर्ने कुरा बुझ्नु पर्दछ। सबैले बुझेकै कुरा छ, **शरीर स्वस्थ नभै मन शान्त पनि हुँदैन तथा अशान्त मन भैञ्जेल शरीर स्वस्थ पनि रहनै सक्तैन**। तसर्थ हामी सबैको पहिलो र सबभन्दा महत्वपूर्ण धर्म शरीर र मन स्वस्थ र शुद्ध राख्नु हो। शरीर र मन स्वस्थ हुनेको स्वतः बुद्धि पनि निर्मल हुँदैजान्छ। निर्मल बुद्धिबाट गरिएको र भएका निर्णय र कार्यवाही सबै कल्याणकारी नै हुन्छन्। यस्ता मानिसबाट नत आफूले दुःख पाउने काम कारवाही हुन्छ नत अरूकसैलाई दुःख तकलीफ हुने काम कुरा हुन्छ, सबैको लागि कल्याण हुने काम मात्र हुन्छ। यस तथ्यबाट यो कुरा स्पष्ट हुन आउँछ कि हामीले के, कुन र कस्ता काम कुरा कल्याणकारी अर्थात धार्मिक हुन् र के, कुन र कस्ता काम कुरा अधार्मिक तथा पाप हुन् भन्ने कुराको फेरिस्त तयार गर्नु पर्ने वा कण्ठ गर्नु पर्ने दरकारनै पर्दैन। निर्मल बुद्धिबाट भए गरेका जे सुकै कार्य पनि धार्मिक हुन जान्छन् भने अस्वस्थ र अशुद्ध बुद्धिबाट भए गरेका जे सुकै कार्य पनि दुःखदायी, अधार्मिक र विनाशकारी नै हुन जान्छ। धर्मको बारेमा यति नै कुरा राम्ररी बुझेर व्यवहारमा उतार्ने हो भने त्यस्ता व्यक्तिले कुनै किसिमको धर्म कर्म, पूजा पाठ, भजन-कीर्तन, जप-तप, ध्यान-धारणा यम-नियम, तीर्थ-व्रत, मन्दिर-मठ न त कहीं जानुपर्दछ न त केही गर्नु नै आवश्यक पर्दछ। त्यस्ता व्यक्ति जहाँ जान्छन् त्यहीं तीर्थ हुन्छ, जे गर्छन् त्यही पूजा हुन्छ, जे बोल्छन् त्यही भजन कीर्तन हुन्छ। यस्तो सजिलै सँग गर्न र पाउन सकिने धर्म र स्वर्ग अर्थात सुख शान्तिलाई वास्तै नगरी धर्मको नाममा अनेकन मत, संप्रदाय, गुट र वादमा विभाजन गरिदिएर, अनेकन जटिल र कठीन खर्चालु विधिविधानमा जकडिएर अनि यस्तै गलत धर्मको नाममा एक आपसमा जुधाएर, वादविवाद र मारकाट गराएर केही धूर्त राजनैतिक शासक र शोषकहरूले क्षुद्र क्षणिक स्वार्थ पूर्तिमा लागेको तथ्यलाई बुझेर हामी सबैले सही धर्मको अर्थ बुझेर कदम चालेमा सबैको कल्याण हुनेछ अन्यथा रुँदै रुँदै जन्मिएका हामी जीवन भर पनि रुँदै रुँदै बिताउनु पर्नेछ र मर्दा पनि रुँदै रुँदै मर्नु पर्नेछ। तर सही धर्मतिर लाग्ने अर्थात स्वस्थ शरीर, शुद्ध र शान्त मन तथा निर्मल बुद्धि पार्ने तिर लागेमा रुँदै रुँदै जन्मिएका भएपनि जीवनभर हाँसी हाँसी, हँसाई हँसाई बाँच्न र मर्दा पनि हाँसी हाँसी तर अरूलाई रुलाउँदै मर्न पाउने छौं। यस्तै धार्मिक मानिसले नै अध्यात्म बुझ्न, लिन र साक्षात्कार समेत गर्न सक्नेछ।

**संस्कृति** : संस्कृतिको अर्थ कल्याणकारी काम हो । संस्कृति भनेको हाम्रा परापूर्खाहरूले धर्म अर्थात स्वस्थ शरीर, शुद्ध र शान्त मन तथा निर्मल बुद्धि धारण गर्नको लागि अपनाउनु भएका कल्याणकारी कार्यहरू लाई संझना दिलाउने राम्रा कामहरू हुन् । यस्ता राम्रा कामहरूलाई संझना भैरहोस् भन्नको लागि चाड पर्व, कलाकौशल, विधिविधान आदि बनेका हुन्छन् । तर अपशोच ! आज संस्कृति जस्तो पवित्र कामकुराको स्थान अनेक विकृतिले ओगट्न पुगेका छन् ! जस्तै, हामीमा उब्जनसक्ने र उब्जेका पाशविक मनोवृत्ति (काम, क्रोध, लोभ, मोह, अहंकार) लाई त्यागगर्न (वलिदिन) स्मरण गराउने दशैं जस्तो पवित्र सांस्कृतिक चाड आज हिंसा जस्तो विकृत प्रथामा बदलिन पुग्यो ! कतिपय राम्रा संस्कारका संस्कृतिहरू विकृत हुँदा हुँदै रवाफ देखाउने, अहंकार बढाउने, खर्चालू, बन्नुका साथै केही धनीवर्गको लागि मात्र सिमित बन्न पुग्यो ! आश र त्राशले बाध्यता बन्न पुग्यो । मनुष्य जीवन झन् झन जटिल बन्न पुग्यो । स्वस्थानी व्रत जस्तो आत्म चिन्तन गराउने संस्कृति अश्लील कथा सुन्ने, सुनाउने हुन पुग्यो ! होली जस्तो शुद्धता बढाउने संस्कृति पामी छ्याप्ने प्रथा बन्न पुग्यो ! आत्माको सर्वव्यापकता बुझाउने, सबैमा आत्मियता बढाउने, ज्ञानको ज्योती बाल्ने तिहार जस्तो पवित्र संस्कृति विस्फोटक वस्तु पडकाएर तर्साउने, आगलागी गराउने प्रथा बन्न पुग्यो ! स्मरणीय छ, हामीलाई धर्म तिर उन्मुख नगराउने, चेतना नजगाउने कुनै पनि काम कुरा संस्कृति होइनन् विकृति हुन् । सच्चा संस्कृति कायम गर्नु हामी सबैको कर्तव्य भएको छ । यस्ता विकृति रहिन्जेल कतैतिर बाट पनि हाम्रो कल्याण हुने छैन झन् झन् अधपतन मात्र हुनेछ । वास्तवमा संस्कृतिको लक्ष्य धर्म हो भने धर्मको लक्ष अध्यात्म हो । अध्यात्म नै जीवनको अन्तिम लक्ष हो । नदी महासागरमा मिलेर विलीन भएझैं हामी जीवात्मा सत्-चित् आनन्दमा मिलेर विलीन हुनुपर्दछ । स्मरणीय छ, संस्कृति, संस्कार, विधि आदि ठाउँ ठाउँका फरक फरक हुन सक्छन् तर धर्म र अध्यात्म सवैको लागि सधैं भरी समान रूपले एउटै हुन्छ, उस्तै हुन्छ । अस्तु । ■

## बाल आश्रमलाई सहयोग

**मेत्ता सेन्टर बाल आश्रम ध्यानकुटी, वनेपाको चिरस्थायी कामना गर्नुहुँदै विभिन्न दाताहरूको तर्फबाट ध्यानकुटी बाल आश्रम अक्षय कोषलाई यसरी सहयोग प्राप्त भएको छ ।**

| [illegible] | [illegible] | [illegible] |
|---|---|---|
| १. | श्री द्रव्यमान सिं (भाइराजा) तुलाधर र बसुन्धरा तुलाधर सपरिवार, जयनेपाल, लालकोलोनी मार्ग | रु. १००,०००/– (रु. एकलाख मात्र) |
| २. | जीव रत्न स्थापित, बागबजार | रु. १,०००/- (रु. एकहजार मात्र) |
| ३. | अमृत कुमारी ताम्राकार, भोटाहिटी दुई जना बालिकाहरूको लागि एक बर्षको लागि पढाई शुल्क तिर्नको लागि | रु. १,३००/- (रु. एक हजार तीनसयमात्र) |
| ४. | भिक्षु अश्वघोष (गृहत्याग) प्रव्रजित ६० वर्ष पुगेको उपलक्षमा विभिन्न दाताहरूबाट प्राप्त दान रकमबाट | रु. ५,०००/- (रु. पाँचहजार मात्र) |
| ५. | डा. सुमन कमल तुलाधरबाट | बाल आश्रमको लागि लुगाहरू |
| ६. | चिनिमाया तुलाधर, तीनधारा | रु. ५०५/- |
| ७. | रूपशोभा, प्रवीन तुलाधर | रु. १,०००/– |

वाल आश्रमका लागि यसरी सहयोग गर्नुहुने सबै दाताहरूको दीर्घायु र सुस्वास्थ्यलाभको लागि बाल आश्रम ध्यानकुटी शुभकामना व्यक्त गर्दछ ।



Downloaded from http://www.dhamma.digital

# मिथ्यादृष्टि शिकारीको गति

■ भिक्षु संघरक्षित, संघाराम 'सद्धम्म कोविद'

यो घटना बुद्धको समयमा घटेको कुरा हो। त्यसबेला एकजना शिकारी थियो। उसको नाम 'कोक' थियो। ऊ दिनका दिन शिकारी कुकुरहरूका साथ जंगलमा शिकार गर्न जान्थ्यो। हातमा धनुषवाण पनि भिर्थ्यो। यसरी प्राणीहरूलाई मारेर नै उसले जीविका चलाइराख्यो।

एकदिनको कुरा थियो। कोक शिकारी बिहानै शिकारमा निस्क्यो। उसको हातमा धनुषवाण थियो। अघिपछि आफ्नो शिकारी कुकुरहरू थियो। यसरी बाटोमा जाँदै गर्दा उसले एकजना भिक्षु देख्यो। कपाल खौरेको, गेरुवावस्त्र लगाएको, शान्तरूपले हिंडिरहेको भिक्षु देखेर खुशी हुनु कता हो कता, उसको मनै बिग्रियो। 'बिहान बिहानै मुण्डक भिक्षु हेर्नुपऱ्यो, अलच्छिन भयो" भन्दै एकछेउबाट ऊ आफ्नो बाटो लाग्यो।

त्यो दिन भयो पनि त्यस्तै। शिकारीले जंगलको कुना-कुना घुमेर पनि एकजना पनि शिकार गर्न सकेन। उसले सोच्यो; पक्कै त्यो अलच्छिन श्रमण देखर यस्तो भएको हो।"

मनलाई खिन्न पार्दै शिकारी निराशले घर फर्क्यो। संयोग पनि उस्तै! बाटोमा फेरि उही बिहानको भिक्षु भेट्यो। भिक्षु बिहान भिक्षाटन जान लागेका थिए। अबचाहिं भिक्षाटनबाट फर्किरहेका थिए। भिक्षुलाई देख्नासाथ शिकारीको रिस पारो चढेझैं बढ्यो। उसको रिसालु मनले निश्चय गऱ्यो, 'यी भिक्षुले गर्दा केही शिकार पाइन। अब के पो हुने हो? यसलाई त बाकी नै छोड्दिन।"

शिकारीले भिक्षुमाथि इशारा गरी कुकुरहरू छोडिदियो। मालिकको आज्ञाले कुकुरहरू भिक्षुमाथि झम्टन दौडिहाले। भिक्षु भने 'त्यसो नगर उपासक, त्यसो नगर' भन्दै थिए, तर उसको कुरा सुनिदिने को? कुकुरहरू नजिकिदै थियो। के गर्ने कसो गर्ने विचारै गर्न नसकी हत्तपत्त भिक्षु कुकुरहरूबाट बच्न एउटा रुखमा चढ्यो। कुकुरहरूले भेट्टाउन सकेन। तलबाट भुक्दै रह्यो।

शिकारीको रिस मरिसकेको थिएन। "कुकुरहरूबाट बच्दैमा मेरो हातबाट कहाँ बच्न सक्छ र?" भन्दै ऊ पनि त्यही रुखमुनि आइपुग्यो। उसले वाणबाट भिक्षुको पैतालामा घोच्न थाल्यो। पैतालामा घाउ भयो। रगत बग्यो। साह्रै पीडा भएर भिक्षुले त्यो खुट्टा माथि तान्यो। शिकारीले अर्को खुट्टामा पनि वाणले घोची रगताम्मे पारिदियो। कुकुरहरू पनि तलबाट भुक्दै थियो। कहिले भिक्षु खस्ला र टोक्न पाउला भन्ने ताकमा थियो।

दुइटै पैतालाबाट रगतको धारा बग्यो। भिक्षुलाई साह्रै कष्ट भयो। होशै हराएजस्तो भयो। पीडाले दुइटै खुट्टा माथितिर तान्यो। यसरी रूखबाट माथि चढ्न लाग्दा भिक्षुको चीवर (लुगा) सरेर खस्यो। त्यो चीवर तल बसिरहेको शिकारीको टाउकोमा पऱ्यो। त्यसले शिकारीलाई पूरै छोपियो। यो देखेर शिकारी कुकुरहरूलाई लाग्यो, 'रूखबाट भिक्षु खस्यो। अनि के थियो? कुकुरहरूले शिकारीलाई हाड र मासु छुट्ने गरी टुक्रा-टुक्रा हुने गरी टोकिदियो। शिकारी त्यहीं मऱ्यो।

भिक्षुले बल्लतल्ल रुखको एउटा हाँगा हातमा पारे। त्यसबाट कुकुरहरूलाई धपाउन प्रयत्न गरे। कुकुरहरूले रुखमा भिक्षुलाई देखेर आफ्नै मालिकलाई टोकेर मारेको कुरा थाहा पायो। त्यसपछि ती सबै कुकुरहरू नजिकैको जंगलमा सुईंकुच्चा ठोक्यो।

भिक्षुको ज्यान बच्यो। उनलाई लाग्यो, आफ्नो चीवरको कारणले शिकारीको ज्यान गयो। पक्कै मलाई पाप लाग्ने भयो, मेरो शील भ्रष्ट हुने भयो। उनी सरासर बुद्धकहाँ गए। भगवान् बुद्ध त्यसबेला श्रावस्तिको जेतवन बिहारमा हुनुहुन्थ्यो। त्यहाँ पुगेर ती भिक्षुले आफूलाई भएको सबै घटना भगवान् बुद्ध समक्ष जाहेर गरे। अनि आफूलाई पाप लागेको, शील बिग्रेको कुरा पनि सुनाए।

ती भिक्षुको कुरा सुनेर भगवान् बुद्धले भन्नुहुन्छ, "हे भिक्षु! तिमी निर्दोष छौ। तिम्रो मन पवित्र छ। त्यो शिकारीलाई मार्ने तिम्रो कुनै मनसाय छैन। बरु त्यही शिकारीको मन बिग्रेको र मिथ्यादृष्टि थियो। उसको आफ्नै कर्मको फल आफैंले भोग्नुपऱ्यो। यसमा तिम्रो कुनै दोष छैन। तिमीलाई पाप लाग्दैन। तिम्रो शील बिग्रेको छैन।"

यो कुरा सुनेर ती भिक्षुको मन हलुका भयो। आफु निर्दोष भएको कुरामा पक्का भयो। फेरि भगवान् बुद्धले उपदेश सुनाउने क्रममा बुझाउनु भयो- "जसरी हावा आइरहेको दिशामा धूलो फ्याँक्यो भने आफैंलाई पर्दछ, त्यसरी नै निर्दोषी शुद्ध निक्लेशीहरूलाई गरेको नराम्रो कर्मको नराम्रो फल आफैंले भोग्नुपर्छ।"

धर्मदेशना सुनेर ती भिक्षुले ज्ञान प्राप्त गरे। उनी दुःखमुक्त अर्हत्ज्ञानमा प्रतिष्ठित भयो। अरू त्यहाँ उपस्थित धेरैलाई पनि धर्मदेशना सार्थक नै भयो।

*स्रोत : धम्मपदट्ठकथा, पापवर्ग, कोक सुनख व्याधाको कथा*

■ छलफल ■

# परम्परावादीहरूले मानीआएको प्रथा ?

■ मेघदूत

*सहभागी-* धेरै दिन पछिं मात्र यस छलफल कार्यक्रम संचालन भईरहेको सुनें नि । किन यसरी खुकुलोपना आइरहेको होला यस कार्यक्रममा ? पहिला त खूब निरन्तरता छाइरहेको थियो नि । कारण बुझ्न पाए हुन्थ्यो ।

*आयोजक-* अरु कारण त होइन । २५४८ औं बुद्ध पूर्णिमा महोत्सव, मनाउने कार्यक्रम, श्रद्धेय भिक्षु अश्वघोष महास्थविर र भिक्षु कुमार काश्यप महास्थविरको प्रव्रजित ६० वर्ष पूरा भएको उपलक्षमा थरिथरिका कार्यक्रमहरू संचालन भैरहेको थियो । ती कार्यक्रमहरू संचालनार्थ थुप्रै सदस्यहरू अलमलिरहेको कारणले छलफल कार्यक्रममा खुकुलोपना आइरहेको हो । अरु केही जिज्ञासा छ कि यहाँहरूको ?

*सहभागी-* जिज्ञासा त थुप्रै बोकेर आएका छौं हामीले । ती मध्ये एक जिज्ञासा भनी हालौं न । बुद्ध धर्माबलम्बीहरूले आफ्ना आमा बुबाको मृत्यु हुँदा बर्खी बार्ने चलन त चलिरहेकै छ आज सम्म पनि । के यसरी बर्खी बार्ने चलन अनिवार्य नै हो र ?

*आयोजक-* तपाइँले त नौलो प्रश्न सोध्नु भयो नि । किन ?

सहभागी- किनभने मलाई यो प्रथा पटक्कै मन पर्दैन । म त बुद्ध अनुयायी व्यक्ति हुँ । तसर्थ मलाई यो जान्न आवश्यक भएको छ के यो प्रथा बौद्ध सँस्कृति अन्तर्गत पर्दछ ?

*आयोजक-* यो चलन बौद्ध सँस्कृति अन्तर्गत त पक्कै पनि पर्दैन । बुद्ध सँस्कृतिमा यस प्रथालाई कहिं पनि उल्लेख गरिएको पाइँदैन । बुद्ध शिक्षा अन्तरगत पर्ने पालि साहित्यमा कहिं पनि कर्मकाण्ड बारे उल्लेख गरिएको पाइँदैन । परम्परावादीहरूले मानी आएको प्रथा मात्र हो यो । बुद्ध शिक्षानुसार त आफ्ना मातापिताको मृत्यु पश्चात् उनीहरूको गुणानुस्मरण गरी परोपकार हुने धार्मिक कर्म र दान कार्य गर्ने चलन चल्ति रहेको देखिन्छ । लोकाचारमा बस्नु पर्दा भने कर्मकाण्ड प्रथालाई नै मान्ने चलन चलिरहेको देखिन्छ । यसरी कर्मकाण्ड नगरे लोकोपवाद खप्नु पर्ने डर हुँदो रहेछ । त्यसैले करकापमा परेर पनि बर्खी बार्नुपर्ने चलन चलिरहेको हो ।

*सहभागी-* त्यसो भए यो प्रथा मान्नै पर्छ भन्ने कुनै करकाप त छैन ?

*आयोजक-* छैन । मरणोपरान्त स्मृतिको लागि केही न केही राम्रा कार्यहरू गर्नु पर्दो नै रहेछ । दिवंगत व्यक्तिको पुण्यस्मृतिमा धार्मिक पुस्तकहरू छाप्ने, स्कुल र स्वास्थ्य क्लिनिकको लागि जग्गा दान दिने, गरीब विद्यार्थीहरूलाई छात्रवृत्ति दिने, आदि कार्यहरू हाल देखिएका कर्मकाण्डहरू हुन् । एकदिन मर्नुपर्छ भन्ने भावना सबैको मनमा सँधै हुनुपर्दछ । आफूले गर्नुपर्ने काम पछि गरुँला नभनी तुरुन्त गरिहाल्ने बानी बसाल्न सकेमा दिवंगत व्यक्तिहरूको गुणानुस्मरण गर्ने चलनलाई बौद्ध नीति भन्न मिल्दछ ।

*सहभागी-* यो त सर्वत्र प्रचार गर्नुपर्ने कुरा हो नि । परम्परावादी नेपाली सँस्कृति प्रेमी व्यक्तिहरूलाई भने यसप्रकारको बौद्ध सँस्कृति पच्दैन होला । मलाई भने आजको छलफल कार्यक्रम ज्यादै मन पऱ्यो । मनले चिताए जस्तै उत्तर पाएकोले मज्जा लाग्यो ।

*अर्का एक सहभागी-* भिक्षु, भिक्षुणीहरू बस्ने विहारहरूमा उहाँहरूको नेतृत्त्वमा संचालित बुद्धपूजा कार्यक्रममा "नत्थिमे संरणं अञ्ञं बुद्धो मे सरणं वरं" भन्ने गरिन्छ । त्यसको अर्थ के होला ?

*आयोजक-* प्रश्न त राम्रै हो । तर यसको अर्थ बुझाउन भने अलि अप्ठचारो लाग्छ । तैपनि प्रश्नको उत्तर त दिनै पऱ्यो नि होइन ? त्यस गाथाको अर्थ बुद्ध बाहेक मेरो अरु शरण छैन भनिएको हो ।

*सहभागी-* यो गाथालाई कार्य रूपमा प्रयोग गर्नको लागि शुद्ध बुद्ध मार्गीहरूलाई त ठीकै छ । तर ३३ कोटी देवताहरू भक्ती गर्नुपर्ने बुद्ध मार्गीहरूलाई भने नपच्ने खालको पऱ्यो यो गाथा । किनभने उनीहरूले गणेश, महांकाल, लक्ष्मी, सरस्वती, अजिमा आदि देवीदेवताहरूसंग वरदान लिने आशाले भक्तिभाव व्यक्त गर्ने गर्छन् । बुद्धले त कसैलाई पनि वरदान दिनु हुन्न । बुद्ध शिक्षानुसार त जसले आफ्नो आचरण राम्रो पार्दछ, उसले आफ्नो इच्छा पूरा गर्न सक्छ । तर नेपाली बुद्ध मार्गीहरूमा यस कुरालाई बुझ्न सक्ने मानिसहरू बिरलै पाइन्छ । यो त अनुसन्धान गरेर नै हेर्नुपर्ने कुरो हो ।

*आयोजक-* तपाइँले त बुद्ध शिक्षा बारे गहन अध्ययन गरिसक्नु भएको छ जस्तो लाग्छ नि ।





Downloaded from http://www.dhamma.digital

*सहभागी-* मैले त भिक्षुहरूद्वारा लिखित पुस्तकहरू थुप्रै पढ्ने गर्छु । यसबाहेक डा. अम्बेडकरको बुद्ध र उनको उपदेश नाम गरेको पुस्तक पनि पढेको थिएँ मैले । यी पुस्तकहरू अध्ययन गरेको कारणले पनि मैले यी कुराहरू सिक्न पाएँ ।

जे होस् आज त हामीले नौलो विषयहरूमा छलफल गर्न पायौं । अति ज्ञानवर्द्धक लाग्यो । यसरी नै पछि पछि पनि यस्ता छलफल कार्यक्रमहरू चलि नै रहोस् । यही कामना छ हाम्रो । हवस् त आजलाई बिदा पाउँ । ■

## निर्वाण

■ परिक्रमा गोविन्द श्रेष्ठ 'परिक्रमा' धरान

हिजोसम्म मलाई निश्चित थिएन
मेरो जीवनको सु-मार्ग थिएन
तर अब निश्चय भो
सबकुरो बिर्सेर, ध्यान योग गरेर
बढ्नेछु भन्ने अठोट मैले लिएको छु
बश ! अवसरको ताकमा ।
कसलाई के भनुँ, कसरी भनुँ ?
मानिसको स्वार्थपना 'भुईंचालोले' बोल्दछ
बश । "निर्वाण नै - 'एक सत्य'- 'साँचो' हो"
जसले 'बन्द अक्कलको ताला खोल्दछ ।'

## बिश्वास मदुगु चित्त

■ श्रीमती चन्द्रावती तुलाधर, काठमाडौं

हे चित्त छंत जिं गथे विश्वास यायेगु ?
स्वय्‌बले खने मदुसां, सुला सुला ज्या खँ याइगु
भिंगु चरित्र, मभिंगु चरित्र धका गथे सीका काय्‌गु ?
ख्वा: स्वया नं म्ह सोया नं नुग: द्यो म्हमस्यू ।
भिंगु थासे वंसा भिंमनूथें च्वनिगु
हानं मेथाय् वंसा वहे बानी लिहाँ वैगु
खँ ल्हाईबले घ्यो थें नायूसाँ
मनला वयागु चुपि थें ज:गु ।
हे चित्त छंत जिं गथे विश्वासयाय्‌गु ?
स्या:गु नं खंके मफु, पा:गु नं खंके मफु
छंगु व्यबहार जित सूगु सहयाय् मफु
हे चित्त छंत जिं गथे विश्वास याय्‌गु ?

भिक्षु शोभित प्रमुख गण विहारका उपासक-उपासिकाहरूले बुद्धपूजा पछि रु. तीन हजार भन्दा बढी ध्यानकुटी विहारलाई दान दिनुभएको समाचार छ ।

## बुद्धगीत

■ के.पी. घर्ती मगर
म्यागदी बौद्ध विहार, मंगलाघाट

लागु गरौं बुद्धवचन यो हाम्रो जीवनमा
अघि बढौं हामी सबै यो कुरा लिई मनमा
झिलीमिली बत्ती बलेको, शान्तीदीप विश्वमा जलेको२

सधैं शान्त भइकन धैर्य धारण गरौं
अन्याय र अत्याचारमा हामी सबै लडौं
झिलीमिली बत्ती बलेको, शान्तीदीप विश्वमा जलेको२

पापकर्महरू त्यागौं हामी सबले आज
अघि बढ्न केहि हुन्न नमानौं है लाज
झिलीमिली बत्ती बलेको, शान्तीदीप विश्वमा जलेको२

धर्म गरौं सेवा गरौं दु:खी र असहायलाई
राखौं भाव हामी सबले दिदी बहिनी दाजुभाइ
झिलीमिली बत्ती बलेको, शान्तीदीप विश्वमा जलेको

दाइभाइबीच पनि शत्रु हुन्छ भने
बुद्ध भन तिमी आफै अब हामी के गर्ने ?
झिलीमिली बत्ती बलेको, शान्तीदीप विश्वमा जलेको

अंगालीदेउ बुद्ध वचन जीवन भरीलाई
बुद्ध जस्तै शान्त बसौं बुद्ध शिक्षा मनमा लिई
झिलीमिली बत्ती बलेको, शान्तीदीप विश्वमा जलेको

काग गिद्ध हटाएर परेवा उडाउंला
शिष्य बनी हामी पनि बुद्ध शरणमा जाउंला
झिलीमिली बत्ती बलेको, शान्तीदीप विश्वमा जलेको

शान्त अनि शान्ती भनि कहालिएको देशलाई
अझ शान्त र शान्ती बनाऔं हामी सबले दाजुभाई
झिलीमिली बत्ती बलेको, शान्तीदीप विश्वमा जलेको

'भवतु सब्ब मंगलं'

"बुद्धले सर्वोत्तम उपदेश दिनुभएको छ र उहाँको यो शाश्वत सन्देशले मानवतालाई युगौंदेखि प्रभावित पारिरहेको छ ।" - जवाहरलाल नेहरू
स्रोत: बौद्ध दर्पण

# मिखाँ ख्वबि हाल

■ किशोर धुसः (श्रा.धम्मदेव)

**"अग्गमहासद्धम्म जोतिकधज"** पदवीं बिभूषित जुया बिज्याय् धुंकूम्ह, तान्व-चिकु, थाकु-अःपु, फु-मफू मधाःसे ख्विदँ तक प्रव्रजित जीवन हनां बिज्याय् धुंकूम्ह अले जितः अतिकं नुगले थ्यूम्ह श्रद्धेय अश्वघोष भन्ते नाप आचार्यकुमार काश्यप भन्तेपिनि न्ह्यन्हेदँ पूवंगु भिं-लसताय् किपूया नगर मण्डप श्रीकीर्ति विहारसं सुखि होतु नेपाःया पाखें ग्वसाः जूगु शत कुलपुत्र दुर्लभ प्रव्रज्याय् ब्वति काय्दया थःत आपालं भाग्यमानी ताय्का च्वना ।

खला जीवने छक थः श्रामणेर ज्वीगु अधिस्थान याना तयागु खःसानं थुगु हें पाले ज्वी धइगु मती मलूगु खः । तर बिरबहादुर दाई व थःजहान न्हुक्षे लक्ष्मीं लीपा छुज्वी गथे ज्वी सुनां छुस्यु थुगु हे पाले जूसां ज्युनि धका तिवः ब्यूगुलिं प्रव्रज्याया ज्याङ्वभ्वं छक ब्वना स्वयाबले तसकं बाँलाःगु व भन्ते-गुरुमांपिनिगु कक्षा नाँदँपिं बौद्ध विद्वान पिनिगु कक्षाया ज्याङ्वः दूगु थजाःगु अवसर सितिं छुवयेमज्यूगु ताय्का प्रव्रज्या जुइगु निर्णय याना फाराम कयाछुवया । थःम्हं ब्वनाकथं न्यनाकथं थजाःगु अवसर चूलाःवइगु धइगु पुर्व कुशल संस्कारं याना वर्तमान जीवने अवसर चूला वइगु जुयाच्वन धइगु मंगल सुत्र पाखें नं भीसं सीकेफु । गथेकि, **"पुब्बे च कत पुञ्ञता एतंमंगल मुत्तमं"**

थुगु पुण्य चूलाका ब्यूपिं धर्मपासा विरबहादुरदाई व थः जहान न्हुक्षे लक्ष्मियात आपालं आपा साधुवाद बियाच्वना ।

बरु, जिं प्रव्रज्याया स्ववाः न्ह्य फाराम भरेयाना बीधुसांनिसें थः म्हंमफया वा अन्य बाधा अडचन वया प्रव्रज्या जूवने मखनी धका म्हय् ज्यु हे मदूगु खः । विहारे वने छन्हुन्ह्यः जि नाप वइम्ह पासाया पाचुक सँखानां छचैं वया छुँ नं थन हे सँखाना वनेगु मखुला ? धया न्यन । थुब्लें जितः बुद्धकालिन घटना छगू लुमंसे वल । नकतिनि बःचाधिकःम्ह छुँ हे ज्ञान मदुनिम्ह न्हेदँतिनि दुम्ह राहुल कुमारयात सारिपुत्र भन्तेनं सँखाना च्वच्वं राहुल कुमारं स्रोतापत्ति फल लाभ याना काल धाःगु पासायात न्यंका बले व फिसिंन्हिलाः छुँ नं वहे मार्गफलया आस यानाका मखुला ? धाल । खःनिसा थजाःगु मार्गफलया आशा तयेगु धइगु विहारे वनीपिंनिगु खुबि हे खः निसा मस्यूला ? उकिंला विहारे भन्ते पिन्सं बाखँ कनीबले फलनामेसिनं स्रोतापति, सकृदागामि, अनागामि वा अरहतमार्ग लानाकाल धाइबले उपासक उपासीकापिन्सं प्रसन्न जुया साधुकार बीगु चलन दु । थुकिया अर्थ अजाःगु मार्गफल थम्हं नं लाना काये फयेमा धइगु मनसुवा खः । मार्गफलया आसाकुती पहःला दूगु हे जुल नापनापं न्ह्याब्लें नौ तयेगु ल्हातं सँखाका च्वनागु विहारे भन्तेपिनिगु ल्हातं सँखाके दइगु अनुभव मुंकेदइगु मंला छगू कथंया लाभ हे खःनि मखुला ? चिचि बजि नयाःन्ह्याइपुक अय्लाः त्वनांज्वीमाः पिंसं लानाकाये फइगु मार्गफल खःला थ्व धायेवं थः पासा प्रव्रज्या जुया ल्याहाँ वयेधुनकि ला व अय्लाः नितां सेवन याय् मखुत धका अधिस्थान याना छचैंवन । कन्हे खुन्हु पासानापं सन्ध्याईले किपू विहारे थ्यंकःवना ।

ग्वसाखलःया नायो कोण्डन्य भन्तेनं भवनया कुने सँखाना च्वंगु दु याकनं सँखाका बिज्याहुँ धया बिज्यात । हथासं कुनेवना सँखाका न्हापांगु अनुभव मुंकेगु ज्या सुरु जुल । न्हिथं थःगु ल्हातेच्वंगु घडिया संकेतं ज्याखँ याना वयाच्वनांम्ह विहारे च्वनाज्वछि विहारे च्वंगु गँयागु संकेतं सुथे चारबजे दनेगुनिसें बहनी द्येनेमत्योतलें गँयागु इसाराय् च्वनेगु न छगूकथंया न्ह्याइपुसे च्वंगु अनुभव खः धाःसानं छुं मपाःथें च्वं । १९ गते शनीवार खुन्हु सुथय् श्रद्धेय अश्वघोष भन्तेया उपाध्यायत्वय् प्रव्रज्या समारोह न्ह्यात । चीवर पुनेधुंका छसिकथं ङ्वः छुनां विहारे परिक्रमा यायेतः पलाः निपलाः छीवं थः मांयागु ख्वा खनेखतं थःत पालीनिसें हे चसप्वाः तक ख्वाउँसे शीतलता अनुभूति जुया प्रितिसुख थामेयाय् मफया जिगु मिखाँ ख्वबि तिकिननेत मिखा प्यानावल तर श्रामणेरया मिखां ख्वबि हायेके मल्वःगु वाः चायेका तिकिनंके मलात ।




Downloaded from http://www.dhamma.digital

प्रव्रजित श्रामणेरपिन्त थाइ हले निग्रोध भन्ते पाखें नां इनेज्या शुरु जुल । थुगु पंत्तीया च्वमिंया ना श्रामणेर धम्मदेव ख:सा पासाया नां नालक ख: । कन्हे खुन्हु आइतवा: सुथे न्याता: ईले बुद्धपुजा लीपा जलपान धुंका: भिक्षाटनया निमित्त सच्छि व फिंछम्ह श्रामणेर पिन्त स्वब्व थला: छब्व किपु लागा, छब्व न्हु बजा: छब्वचाहिं पांगा ख:सा जिपिं पांगा समूहे ला:गु ख: । थुगु भिक्षाटनया इवले छम्ह बुरीचाम्ह अजीं दान यायेधुंका भन्ते वन्दना धा:बले न्ह्याबले भन्ते गुरुमापिं पाखें सुवा: फया वया च्वनाम्ह थुब्ले थम्हं सुवा: बीदुबले थम्हं पुनागु चीवर प्रति गर्व जुया मचायकं जिगु मिखा प्यानाबल । थ:गु मिखायात थामेयाना जिं उम्ह अजियात मनमनं निरोगी व ता:आयुया सुवा: बिया वया छाय्कि, स्वस्थ जुयाच्वनेगु हे दकले त:धंगु लाभ ख: धइगु ज्ञान थ:म्हं स्यु । भिक्षाटन वनाबले नं वयाबले नं वहे पिच यायेत रोडा लायात:गुलँपुं हे लाकां मदयेक न्यासि ज्वीमा:गुलिं भतिचा कष्टला अवश्य नं जुल । तर बोधिसत्त्व पिन्सं पुरेयाना वोगु क्षान्तिपारमि लुमंकेवं थ:त मनोवल हे प्राप्त जूथें तायका । बुद्ध धर्मया ज्ञान सयके सीके धुंका जक प्रव्रजित जूसा थुकथंया अनुभूति याये सइगु ख:ला धइथें जित: ता: । उकिं, थ:के परियत्ति दयेकेमा: परियत्ति पाखें प्रतिपत्ति ज्वीसयकेमा अले प्रतिपत्ति पाखें प्रतिवेध प्राप्त जूगु वा:चायेकेमा: मखुसा मिखा तिसिना मत मवो धका हाला ज्वीमाली । भिक्षाटन याना ल्याहां वयाबले जिगु न्ह्योनेच्वंम्ह श्रामणेर धम्मधर यात रोडा लँपुइ ल्वँचां सूगु स्यासह:याये मफया तिंकतिंक न्हुया जूगु खना जित: सारिपुत्रया बाखँ लुमंसेवया थ:त संयम जुया पला: छीत होस दयेकाब्यूगुयें ताल ।

बुद्ध धर्मया ज्ञान सयेका सीइका नं प्रतिपत्ति याय् मफतकि थ:त संयम याय् मफय्का तिंकतिंक न्हुइगु जक मखुकि जिगु क्वसं च्वंम्ह श्रामणेर सिदानं चिवर पुना नं चल: स्यायेगु संस्कार तोते मफुगु थेन्तुं ज्वीका च्वनेमाली । थुगु विहारे जि स्वक्वखुसि मिखां ख्वबि हा:गु धइगु जि थ:म्हं वन्दना याना तयाम्ह "महासद्धम्म जोतिक धज" पदवीं विभूषित जुया बिज्याय् धुंकूम्ह ञाणशीला गुरुमां नं थ:त वन्दना याके दूगुलिं थ:म्हं पुनागु चिवर प्रति झन अप्व गौरव अनुभूति जुया थ: गृहस्थीया जहानयात वर्णन यानाबले मिखाँ ख्वबि हा:गु सुनां मखंक हुइत बाध्य जुल । मखुसा श्रामणेरया मिखाँ छाय् ख्वबि हालथें धइगु शंका उत्पन्न ज्वीफु ।

थजा:गु खँय् थ: तसकं हे भावुकम्ह मनूजुया थ:गु बानी थ:त हे स्वयेमयो । प्रव्रज्या क्वचाय छन्हु न्ह्य ल्यूनेच्वंपिं श्रामणेरपिं ध्यान च्वच्वं न्ह्यो वयेकीगु हुनिं दनां ध्यान अभ्यास यायेगु बिधि स्यना बिज्या:गु ख: । थथे ध्यान च्वनेबले थ:गु म्ह छम्ह जक खनेदयेक क्व:छुना दनां च्वनेगु इवले बाचौति जा:बले तसकं हे त्यानुचाया म्ह फसंपूम्ह थें लिगिलिगि सनांहल । सनांच्वंगु म्ह दिका: पलख जा:बले पालीत:लंनिसें ला कस्से जुया छानांबवं थहांवया जँय् तक शिलास्तम्भथें जित: अनुभूति जुया पलख लीपा विशुद्धानन्द प्राणपुत्र भन्तेया मुख मण्डलं कक्षा क्वचागु संकेत बिया साधु साधु साधु धइगु स: पिज्वल । बहनी अन्तरक्रिया ज्याइवले थ:गु अनुभव बारे न्वंवाय् मास्तेव:सां थ: भावुक जुया मिखां ख्वबि हाइगु बानीयाना न्वंवाय् हे मछाल ।

२४ गते अन्तिम दिंकुन्हु ध्यानया अनुभव बारे विशुद्धानन्द प्राणपुत्र भन्ते नाप छलफल याय् मखंक हुलमुलं याना भन्ते याके बिदा जक कया थ:गु छचें लिथ्यन ।

अन्ते श्रद्धेय अश्वघोष भन्ते व आचार्य कुमार भन्तेया भिं-उसाँय् व ता: आयुया मनंतुसें थुगु च्वसा थन हे दिकाच्वना ।

**॥ भवतु सब्ब मंगलं ॥**

*- गा:बहा: यल*

- महान् गुरु (=बुद्ध) प्रति हिन्दू धर्म शाश्वत (=सधैंको लागि) ऋणी छ । – *महात्मा गान्धी*
- बुद्ध इतिहासमा सबभन्दा ठूलो नाम हो । – *भरत सिंह उपाध्याय*
- बुद्ध-धर्म मात्र दर्शनको पोको होइन । यो त जीवन पद्धति हो । – *दलाई लामा*

## बुद्ध शिक्षाको लक्ष्य र उपाय

२०६१ वैशाख १ गते मङ्गलवार, धर्मकीर्ति विहार, श्रीघ: न:घ: ।

यसदिन वीर्यवती गुरुमांले "बुद्ध शिक्षाको लक्ष्य र उपाय" विषयमा प्रवचन गर्नुभएको थियो । उहाँले भन्नुभयो -"बुद्ध शिक्षानुसार हाम्रो लक्ष्य नै आफ्नो मन निर्दोष कलुषित रहित पारी असल व्यक्ति बन्न सक्नु हो । यस्तो निश्छल र पवित्र मनको लागि बुद्धले ३ वटा उपायहरू हाम्रो सामु राख्नु भएको छ । ती उपायहरूलाई हामीले क्रमैसंग अपनाउन अत्यावश्यक छ । ती यसरी छन्–

**१. त्याग चित्त**

आफ्नो र अरुको भलाई हुने कार्यमा आफूले सक्दो (धनबाट होस् वा शरीरबाट) केही न केही सहयोग गर्न अग्रसर हुने । म र मेरो मात्र भनी च्यापीरहने स्वार्थ प्रवृत्तिलाई त्याग्ने अभ्यास गर्दै जाने ।

**२. शील-**

आफुमा लुकेर रहेका नराम्रा बानी व्यवहारहरूलाई आफैले महशूस गर्दै त्यसलाई हटाउँदै लगी आफ्नो बानी व्यवहारमा सुधार्दै लाने । अर्को अर्थमा भन्ने हो भने स्वार्थ पूर्तिको लागी चञ्चल र अनुशासन विहिन बनिरहेको मनलाई पञ्चशीलको नियमले बाँधी अनुशासित राख्ने ।

**३. समाधि -**

त्याग चेतना र शील पालनले अनुशासित बनेको मनलाई भूतकाल र भविष्य कालको व्यर्थ विचारमा रूमल्लिन नदिई वर्तमान अवस्थामा घटिरहेका यथार्थतालाई नियाल्न अभ्यास गर्ने । यसरी ठीक कार्यमा ठीक तरिकाले चित्त एकाग्र पारी यथार्थतालाई बुझ्न सक्ने व्यक्तिले सम्यक दृष्टि सहितको सम्यक समाधिलाई अभ्यास गरी बुद्ध शिक्षाको लक्ष प्राप्त गर्न सक्नेछ ।

**२०६१ वैशाख ५, धर्मकीर्ति विहार, श्रीघ:न:घ: ।**

प्रस्तुती : विजय लक्ष्मी शाक्य ।

यसदिन श्रद्धेय इन्दावती गुरुमांले आमा बुबाको अनन्तगुण विषयमा व्याख्या गर्नुहुँदै भन्नुभयो "पूर्व दिशा मानिएको माता पिता सबैको लागि प्रथम गुरु भएको कारणले बुद्धले मंगल सूत्रमा यसरी भन्नुभएको छ–

**"माता पितु उपट्ठानं एतं मंगल मुत्तमं"**

आमाबुबाको सेवा टहल गर्नु पनि मंगल कार्य हो । त्यसैले होला बुद्धले आफ्नो जीवनमा आफ्ना माता र पिताको ऋण चुकाउनको लागि प्रयत्नशील हुनुभई यस कार्यमा सफलता प्राप्त गरी छोड्नुभएको थियो । बुद्धकोजीवनमा मात्र होइन बुद्धका अग्रश्रावक भिक्षु सारीपुत्रले पनि आफ्नो जीवनको अन्तिम समयमा पनि आफ्नी माता सारी ब्राह्मणीको मिथ्यादृष्टि हटाउन धेरै प्रयत्न गरी सम्यक दृष्टि दिलाउनुभएको ऐतिहासिक घटना उल्लेखित रहेकै छ । एउटा बच्चा हुर्काउनका लागि एउटी आमाले आफ्नो गर्भवती अवस्थादेखि कति मेहनत गर्नु पर्ने हुन्छ, त्यो त एउटी आमाले आफ्नो अनुभवले थाहा पाएकी हुन्छ । बच्चा जन्मिसकेपछि उसलाई हुर्काइ उसको खुट्टाले टेक्न सक्ने गरी लायक बनाई सके पछि पनि पढाई लेखाई देखि रोजगारी व्यवस्था मिलाई उसको इच्छानुसार विवाह कर्म समेतको व्यवस्थामा आमा बुबा दुवैको रगत पसिना बगेको हुन्छ । आमाबुबाको आफुप्रति कति ऋणको भार रहेको छ भन्ने कुरा हरेक मानिसले बुझ्न अत्यावश्यक छ । होइन भने उ नरपशु कर्तव्यहीन कहलिन्छ । कर्त्तव्य पालन नै धर्म हो भने कर्त्तव्यहीन बन्नु नै पाप हो । त्यसैले बुद्धले आमाबुबाको सेवा ३८ वटा मंगल कार्यहरू मध्येको एक मंगल कार्यको रुपमा लिनुभएको हो ।

## सनातन धर्म

रिपोर्टर- श्यामलाल चित्रकार

२०६१ साल बैशाष १२ गते शनिवारका दिन श्री नरेन्द्रनाथ भट्टराईले "सनातन धर्म" विषयमा प्रवचन दिनु भएको थियो । उहाँको प्रवचनको सार संक्षेप यस प्रकार छ ।

धम्मपदको ५ नं. गाथामा उल्लेख भए अनुसार वैरभावले वैर कहिले पनि शान्त हुँदैन मित्र भावले मात्र वैर शान्त हुन्छ यहिनै पहिले देखि चलि आएको धर्म हो । पहिला पनि चलेको, अहिले पनि चलिरहेको र पछि पनि चल्ने सत्य धर्मलाई सनातन धर्म भनिन्छ । गौतम बुद्धले कुनै नयाँ धर्म बताउनु भएको छैन । उहाँले चलिरहेको धर्मलाई प्रादुर्भाव मात्र गर्नु भएको हो । दु:ख हुने काम गरे दु:ख हुन्छ । सुख हुने काम गरे सुख हुन्छ । दु:ख छ,



Downloaded from http://www.dhamma.digital

दु:खको कारण छ, दु:ख निवारण हुन्छ, र दु:ख निवारण गर्ने उपाय छ, भनि गौतम बुद्धले चतुआर्य सत्य को कुरा सिकाउनु भयो साथै दु:ख हटाउन आठवटा उपायहरू : आर्य अष्टाङ्गिक मार्ग पनि सिकाउनु भयो । यो सनातन धर्म गौतम बुद्धले मात्र बताउन सक्नु भयो । यो भगवान बुद्धको शिक्षा सुनेर मात्र पुग्दैन धारण पनि गर्नु पर्दछ । गौतम बुद्ध एक महान डाक्टर पनि हो । डाक्टरको प्रेस्कृप्सन कण्ठ घोकेरमात्र पुग्दैन लेखिएको औषधि सेवन गरिएन भने रोग निको हुदैन । पछिका धर्मगुरुहरूले धर्मलाई अनेक नाम दिई सम्प्रदाय बनाए र धर्मलाई आफ्नो आर्जनको उपाय बनाए । स्वर्ग र नर्कको आश र त्रास देखाए । हिंसा, छुवाछुट र असमानतालाई पनि धर्म मान्नेहरू छन् । जेहादमा मर्नेहरू सिधै स्वर्ग जान्छन् रे । यस्ता गलत कुराहरू प्रति सतर्क रहनु पर्दछ । अहिंसा, मैत्री, चोरी नगर्नु, भ्रष्टाचार, बलात्कार नगर्न, लोभी नबन्नु, मादक पदार्थ सेवन नगर्नु इत्यादी चरित्र निर्माणका कुराहरू तथा त्यसबाट हुने वास्तविक सुखका कुराहरू बाल्यकाल देखि सिक्ने सिकाउने हुनु पर्दछ । धर्मका कुराहरू बुढाबुढीहरूलाई मात्र होइन । आडम्बर र बनावटी धर्मको पछि नलागि परमार्थ सत्य बुझ्ने तर्फ अहिले देखि लाग्नु पर्यो ।

## रक्तदान

२०६१ वैशाख १९ शनीवार, धर्मकीर्ति विहार ।

बुद्धको जन्म बोधिज्ञान लाभ र महापरिनिर्वाण आदि त्रिसंयोग जुधेको २५४८ औं बैशाख पूर्णिमाको उपलक्ष्यमा धर्मकीर्ति विहारले रक्तदान कार्यक्रमको आयोजना गरिएको छ । धर्मकीर्ति विहारको ३९ औं वार्षिकोत्सव, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको ३३ औं वार्षिकोत्सवको उपलक्ष्यमा पनि यस कार्यक्रम सम्पन्न गरिएको हो । यस कार्यक्रम धर्मकीर्ति स्वास्थ्य कमिटीका सदस्य स्वयम्भू रत्न तुलाधरको संयोजकत्त्व र धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सदस्यहरूको सहयोगमा सम्पन्न भएको थियो । कार्यक्रम उद्घाटन पश्चात् धर्मकीर्ति विहारका अध्यक्ष श्रद्धेय धम्मवती गुरुमांले उद्घाटन मन्तव्य व्यक्त गर्नुहुँदै आफ्नो केही रगतले अरुको जीवन बाँच्छ र उपकार हुन्छ भने त्यस्तो अवस्थामा रक्तदान गर्दा उक्त कार्यले बुद्ध शिक्षानुसार दान उपपारमिता पूरा गरेको ठहरिनेछ भन्नुभयो ।

धर्मकीर्ति विहारले हरेक वर्ष निरन्तर रुपमा रक्त संचार केन्द्रको कार्यमा सहयोग पुऱ्याउँदै आएकोमा यस वर्षको कार्यक्रममा पनि ६५ जना रक्तदाताहरूले रक्तदान गरी सहयोग पुऱ्याएका छन् । यो धर्मकीर्ति विहारको २१ औं पटकको रक्त दान कार्यक्रम रहेको छ ।

उक्त रक्तदान कार्यक्रममा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सदस्य श्री हसन कुमार वज्राचार्य र श्रीमती मञ्जु वज्राचार्यले रक्तचाप नापी सहयोग पुऱ्याउनु भएको थियो भने श्री राजेन्द्र राय (सिनियर टेक्निसियन असिस्टेन्ट), सुश्री कल्पना श्रेष्ठ (ब्लिडिङ्ग नर्स), श्री डिल्लीराज अधिकारी (ब्लिडिङ्ग नर्स), श्री शरद कंसाकार (अध्यक्ष ब्लड डोनर एशोसिएशन नेपाल), श्री बसन्त रंजितकार (पूर्व महासचिव, ब्लोदान), आदिले रक्त संकलनमा सहयोग पुऱ्याउनुभई रक्तदान कार्यक्रम सफलतापूर्वक सम्पन्न गरि एको थियो ।

यस रक्तदान कार्यक्रमको लागि आवश्यक सम्पूर्ण व्ययभार साहु श्री पद्म रत्न तुलाधर र श्रीमती रञ्जना तुलाधर महाराजगंज चक्रपथले व्यहोर्नु भएको कुरा धर्मकीर्ति स्वास्थ्य कमिटीले जनाएको छ ।

३७ जना पुरुष र २८ जना महिला गरी जम्मा ६५ जना रक्तदाताहरूको नामावली यस प्रकार रहेको छ ।

| *सि.नं.* | *रक्तदाताको नाम* | *ठेगाना* |
|---|---|---|
| १. | पूर्णिमा वज्राचार्य | भक्तपुर, इनाचो |
| २. | सर्बिन शाक्य | थाय्मदु |
| ३. | मंगल दास श्रेष्ठ | बलम्बु |
| ४. | सिलोन डंगोल | कालधारा |
| ५. | पुष्प महर्जन | त्यौड टोल |
| ६. | माइला महर्जन | स्वयम्भू |
| ७. | सिद्धार्थ शाक्य | कुमारीपाटी, पाटन |
| ८. | रविन्द्र महर्जन | नरदेवी |
| ९. | सुशील कंसाकार | श्रीघ: न:घ: |
| १०. | सुभद्रा स्थापित | इन्द्रचोक |
| ११. | मिला तुलाधर | लाजिम्पाट |
| १२. | ज्ञानी महर्जन | त्यौड टोल |
| १३. | सहनशीला तुलाधर | लाजिम्पाट |
| १४. | रवि श्रेष्ठ | बाफल |
| १५. | दिनेश कपाली | ............ |
| १६. | युवक कर्माचार्य | ठँहिटी |
| १७. | राजा वज्राचार्य | सबल गल्ली |
| १८. | रेणु मानन्धर | त्यौड टोल |

| | | |
|---|---|---|
| १९. | रीता डंगोल | त्यौड टोल |
| २०. | संगीता वज्राचार्य | कोबहाल पाटन |
| २१. | अष्टम महर्जन | त्यौड टोल |
| २२. | अनीता महर्जन | टेबहाल |
| २३. | संजीव महर्जन | कालिमाटी |
| २४. | कविता डंगोल | कालिमाटी |
| २५. | चंडिका देवी शाक्य | ज्याठा |
| २६. | प्रकाश जोशी | असन |
| २७. | ध्रुव राजकर्णिकार | डिल्लीबजार |
| २८. | नरेन्द्र श्रेष्ठ | ज्याठा |
| २९. | समुद्र देवी ताम्राकार | ताहाचाल |
| ३०. | सरोज महर्जन | ज्याठा |
| ३१. | अनिल कृष्ण जोशी | न:घल क्वाडों |
| ३२. | अगम्य रत्न कंसाकार | मासंगल्ली |
| ३३. | लक्ष्मी जोशी | न:घल |
| ३४. | सुरेश शाक्य | ढल्को |
| ३५. | मीरा महर्जन | रविभवन |
| ३६. | उत्तम बहादुर सिंह | नयाँ वजार |
| ३७. | विजय अर्याल | विशाल नगर |
| ३८. | विभूति विष्ट | विशाल नगर |
| ३९. | रचना सिंह | न:घल |
| ४०. | ज्ञानी मैया नकर्मी | रामकोट-६ |
| ४१. | शेष नारायण डंगोल | असल |
| ४२. | विनोद कृष्ण जोशी | न:घल, क्वाडों |
| ४३. | कृष्णेश्वरी शाक्य | किलागल |
| ४४. | प्रफुल्ल कमल ताम्राकार | सितापाइला |
| ४५. | सुरेन्द्र मान शाक्य | डल्लु |
| ४६. | निरज श्रेष्ठ | कालिमाटी |
| ४७. | निमिस बानियाँ | भोछें |
| ४८. | रीना श्रेष्ठ | मैतीदेवी चोक |
| ४९. | मन्जु देवी महर्जन | ज्ञानेश्वर |
| ५०. | प्रतिमा श्रेष्ठ | ठमेल |
| ५१. | रज्जु मानन्धर | ठमेल |
| ५२. | राधा मानन्धर | ठमेल |
| ५३. | जोन काजी तुलाधर | भोताहिटी |
| ५४. | कल्पना तुलाधर | भोटाहिटी |
| ५५. | अमित जोशी | न:घल क्वाडों |
| ५६. | सहना मानन्धर | ताहाचल |
| ५७. | राहुल अग्रवाल | श्रीघ: न:घल |
| ५८. | दीपक शाही | ठँहिटी |
| ५९. | रोशन काजी तुलाधर | भोटाहिटी |
| ६०. | दिनेश शाक्य | न:घल |
| ६१. | हसन कुमार वज्राचार्य | बबरमहल |
| ६२. | राजेन्द्र मानन्धर | बालाजु |
| ६३. | मीना तुलाधर | असन |
| ६४. | सुनीला मानन्धर | बालाजु |
| ६५. | मदन रत्न कंसाकार | सोन्हखुट्टे |

माथि उल्लेखित रक्तदाताहरूका लागि देहायका उपासक उपासिकाहरूले दूध, कोकाकोला, फ्रुटी, जेरी, रोटी आदि खाद्य पदार्थहरू मैत्रीपूर्वक दान गरी पुण्य सञ्चय गर्नु भएका थिए ।

मिश्री शाक्य, चम्पातता, इन्द्रमान महर्जन, पूर्णहेरा पुच:, मैया तुलाधर, कीर्तिमैया पुच:, तीर्थ माया महर्जन, पद्ममा श्रेष्ठ, ज्ञानी नकर्मी, अष्ट माया महर्जन, शील देवी तुलाधर, अष्टरत्न तुलाधर र धर्मकीर्ति विहारका गुरुमांहरू आदि ।

यस रक्तदान कार्यक्रममा सहयोग पुऱ्याउनुहुने अन्य सम्पूर्ण महानुभावहरूलाई धर्मकीर्ति स्वास्थ्य कमिटी लगायत धर्मकीर्ति परिवारले धन्यवाद ज्ञापन गरिएको छ ।

## विस्कुत वितरण

२०६१ वैशाख २२ गते ।

२५४८ औं वैशाख पूर्णिमाको उपलक्ष्यमा धर्मकीर्ति विहारका सम्पूर्ण उपासक उपासिका र धर्मकीर्ति विहारका गुरुमांहरूको तर्फबाट दान गरिएका बिस्कुटहरू विभिन्न अस्पतालहरूमा लगी विरामीहरूलाई वितरण गरिएको थियो ।

## पुरस्कार एवं प्रमाण पत्र वितरण

बु.सं. २५४७ को बौद्ध परियत्ति शिक्षामा उत्तिर्ण विद्यार्थीहरूले सम्वन्धित केन्द्रहरूबाट पुरस्कार र प्रमाण पत्र वितरण गरिएका विभिन्न समाचारहरू यसरी प्राप्त भएका छन् ।

२०६१ जेठ ९ गते । स्थान- धर्मकीर्ति विहार श्रीघ:न:घ: ।

२५४७ औं बुद्ध सम्बत्मा धर्मकीर्ति विहार केन्द्रबाट बौद्ध परियत्ति शिक्षामा उत्तीर्ण विद्यार्थीहरूलाई धर्मकीर्ति बिहारबाट एक समारोहको आयोजना गरी प्रेरणा स्वरूप पुरस्कार प्रदान गरिएको छ ।

धम्मवती गुरुमांको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा बौद्ध परियत्ति शिक्षाका केन्द्राध्यक्ष



Downloaded from http://www.dhamma.digital

भिक्षु बोधिज्ञान प्रमुख अतिथीको रुपमा उपस्थित हुनु भएको थियो ।

भिक्षु बोधिज्ञानबाट पञ्चशील प्रार्थना गराउनु भएपछि शुरु गरिएको उक्त कार्यक्रम प्रफुल्ल कमल ताम्राकारले संचालन गर्नुभएको थियो ।

उक्त कार्यक्रममा सुमनकमल तुलाधरले स्वागत भाषण गर्नुभएको थियो भने चमेली गुरुमांले बौद्ध परियत्ति शिक्षा कक्षा सञ्चालनको प्रतिवेदन पेश गर्नु भएको थियो । यसरी नै रीना तुलाधरले बौद्ध परियत्ति शिक्षाको समिक्षा गर्नुभएको थियो । उक्त कार्यक्रममा आ-आफ्ना मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू यसरी रहनुभएका थिए– भिक्षु बोधिज्ञान, बौद्ध परियत्ति शिक्षाका बिद्यार्थीहरू– सरोज मानन्धर (बोर्ड तृतीय), आरती रञ्जीत आदि ।

परिक्षामा उत्तीर्ण भएका विद्यार्थीहरूलाई पुरस्कार तथा प्रमाण पत्र वितरण गर्नुहुने महानुभावहरू यसरी रहनुभएको थियो–

भाइराजा तुलाधर, राजेश श्रेष्ठ, पञ्चवीर सिंह, श्याममान वज्राचार्य, पिनु सिंह, भिक्षु बोधिज्ञान, रत्नमञ्जरी गुरुमां र धम्मवती गुरुमां आदि ।

कार्यक्रमको अन्त्यमा धम्मवती गुरुमांले आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै कार्यक्रम समापन गर्नुभएको उक्त कार्यक्रममा लोचनतारा तुलाधरले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## कुशल गृहिणी प्रशिक्षण

२०६१ जेठ १६ गते शनीवार ।
स्थान- धर्मकीर्ति विहार श्रीघः नःघः ।

यस दिन धर्मकीर्ति विहारको आयोजनामा ६५ जवान गृहणीहरूलाई बुद्ध शिक्षामा आधारित एकदिने कुशल गृहिणी प्रशिक्षण संचालन गरिएको थियो । सुखी, सभ्य, र सुशिक्षित परिवार निर्माणको लागि त्यस परिवारमा रहेकी गृहिणीको ठूलो भूमिका रहेको हुन्छ । यसरी नै छोराछोरीहरू शिक्षित पार्ने कार्यमा एउटी विवेकशील नारीको अत्यावश्यक रहेको हुन्छ । त्यसैले हरेक परिवारका नारीहरूका लागि नैतिक शिक्षा अति आवश्यक रहेको महशूस गरी धर्मकीर्ति विहारको प्रमुख धम्मवती गुरुमांले यस कार्यक्रमको आयोजना गर्नुभएको थियो ।

उक्त प्रशिक्षणमा प्रशिक्षण दिनुहुने प्रशिक्षार्थीहरू यसरी रहनुभएको थियो ।

१. भिक्षु अश्वघोष महास्थविर, २. भिक्षुणी धम्मवती
३. भिक्षुणी धम्मदिन्ना, ४. लोचनतारा तुलाधर

## ध्यान, धर्मदेशना र उपहार वितरण

२०६१ जेठ २१, धर्मकीर्ति विहार, श्रीघ:न:घ: ।

यसदिन धर्मकीर्ति विहारका उपासक उपासिकाहरू मध्ये पुस्तक वितरण समूहका प्रमुखहरूलाई एकदिन ध्यान गराउनुका साथै धर्मदेशना गरी उपहार वितरण गरिएको थियो । धर्मकीर्ति विहारका प्रमुख धम्मवती गुरुमांको आयोजनामा संचालित उक्त एकदिने कार्यक्रममा धम्मवती गुरुमां र वीर्यवती गुरुमांले धर्मदेशना गर्नु भएको थियो ।

प्रवचनको क्रममा धम्मवती गुरुमांले भन्नुभयो- "धर्मकीर्ति विहारबाट प्रकाशित बुद्ध शिक्षामा आधारित विभिन्न पुस्तकहरू वितरण गर्नको लागि सदस्यता शुल्क संकलन गरी पुस्तक वितरण कार्यमा अग्रसर भइरहेका व्यक्तिहरू सबैले धर्मप्रचार कार्यमा आफ्नो योगदान पुऱ्याइरहेका छन् । बुद्ध शिक्षा प्रचार प्रसार गर्ने कार्यमा भिक्षु, भिक्षुणी, उपासक र उपासिकाहरूले यसरी अग्रसर हुन सकेको खण्डमा बुद्ध शासनको आयू लम्बिने छ । त्यसैले बुद्धले भन्नुभएको छ- बुद्ध शासनको भार थाम्ने कार्य भिक्षु भिक्षुणीको मात्र नभई उपासक उपासिकाहरूको पनि कर्त्तव्य हो ।"

पुस्तकको सदस्य संख्या बढाई धर्म प्रचार कार्यमा योगदान पुऱ्याउनु हुने प्रमुख व्यक्तिहरूलाई धम्मवती गुरुमांले हौसला दिने मनसायले विभिन्न वस्तुहरू उपहार स्वरूप दान दिनु भएको थियो । उक्त दिन पुस्तक वितरण समूहका प्रमुखहरू सबैलाई जलपान, भोजन, खाजा र बेलुकीको खाना खुवाई फर्काइएको थियो । यस दिनको खाद्य व्यवस्थाको लागि विशेष गरी पूर्ण हेरा पुच:बाट सहयोग गरिएको थियो ।

## भिक्षु अश्वघोष अभिनन्दित

२०६१ जेठ ३१, धर्मकीर्ति विहार श्रीघः नःघः ।

भिक्षु अश्वघोष महास्थविर प्रव्रजित हुनुभएको ६० वर्ष पुगेको र उहाँको ७७ वर्षिय जन्मदिनको उपलक्ष्यमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी धर्मकीर्ति विहारले बुद्ध शिक्षामा आधारित विषयहरूमा वक्तृत्वकला प्रतियोगिता संचालन गरी भिक्षु अश्वघोषलाई अभिनन्दन चढाइएको थियो ।

जम्मा १५ वटा संस्था (परियत्ति केन्द्र, विहार तथा संस्था) हरूका विद्यार्थीहरूले भाग लिएको उक्त

वक्तृत्वकला प्रतियोगितामा विजयी संस्था एवं विद्यार्थीहरूको नाम यसरी रहेका छन् ।

| क्र.सं. | संस्थाको नाम | सहभागी प्रतियोगीको नाम | प्राप्त अंक तथा श्रेणी |
|---|---|---|---|
| १. | वेलुवनाराम विहार ललितपुर थेचो | सजना महर्जन | २३९, प्रथम |
| २. | बौद्ध युवा कमिटी नुग: ललितपुर | सुनिल महर्जन | २३८ द्वितीय |
| ३. | अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र संखमूल | मनिष वज्राचार्य | २३३ तृतीय |

भिक्षु कुमार काश्यप महास्थविरको प्रमुख आतिथ्यमा संचालित उक्त कार्यक्रम धम्मवती गुरुमांको सभापतित्त्वमा सम्पन्न भएको थियो ।

प्रतियोगिताको निर्णायक मण्डलमा भिक्षुणी डा. अनोजा, प्रा. सुवर्ण शाक्य, सन्ध्या टाइम्सका सम्पादक सुरेश किरण मानन्धर रहनुभएको थियो ।

सहभागी सबै प्रतियोगीहरूलाई प्रमाणपत्र र पुरस्कार प्रदान गरिएको उक्त कार्यक्रममा विजयी प्रतियोगीहरूलाई विशेष पुरस्कारको रुपमा प्रमुख अतिथी भिक्षु कुमार काश्यप महास्थविरले पुरस्कार प्रदान गर्नुभएको थियो भने प्रमाण पत्र र धर्मकीर्ति लोगो अंकित बोधीवृक्ष पात धम्मवती गुरुमांले प्रदान गर्नुभएको थियो ।

उक्त कार्यक्रममा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको तर्फबाट भिक्षुणी धम्मवती गुरुमांले भिक्षु अश्वघोष महास्थविरलाई तस्विर चढाउनु भएको थियो । यसरी नै सुगतपुर विहार त्रिशुली र मैत्री केन्द्र वाल आश्रम बनेपाले अभिनन्दन पत्र चढाइएको थियो ।

उपहार चढाउने क्रममा श्री घ: ज्ञानमाला भजन खल: र गुरुमांहरू लगायत उपासकोपासिकाहरूले पनि उपहार चढाएका थिए ।

सोही क्रममा द्रव्यमानसिंह (भाइराजा) तुलाधर बसुन्धरा तुलाधर सपरिवारको तर्फबाट मेत्ता सेन्टर ध्यानकुटी बाल आश्रम बनेपाको लागि भिक्षु अश्वघोषलाई रु. एक लाख (रु. १,०००००।-) रकम चन्दा स्वरूप प्रदान गर्नु भएको थियो । उक्त बाल आश्रमबाट दाता सहित उहाँका सपरिवारलाई धन्यवाद ज्ञापन गरिएको छ ।

## भियतनामी मयजु गुरुमां जुल

२०६१ जेठ २८ गते, अष्टमी । धर्मकीर्ति विहार, श्रीघ:न:घ: ।

भियतनामी नागरिक छम्ह मयजु बात धम्मवती गुरुमां गुरु जुया बिज्यास्य गुरुमां यानाबिज्या:गु दु । वसपोल न्हूम्ह गुरुमांयात भिक्षु अश्वघोष महास्थविरं शील प्रार्थना याका बिज्या:गु ख: । गुरुमां ज्वीधुंका: वसपोलया नां शक्कवती जूगु दु । शक्कवती गुरुमां नेपाले च्वना बिज्यात्तले धर्मकीर्ति विहारया उपासिकापिं सानुबहिनी राजकर्णिकार व दानकेशरी शाक्य दातामां जुया: वसपोलयात मा:गु गुहाली व बिचा: याना: पुण्य संचय यानादीगु खँ सीदु ।

धर्मकीर्ति विहारे अष्टमीया उपलक्षे संचालित बुद्धपूजा ज्याझ्वले सहभागी जुयादीपिं सकल उपासकोपासिकापिसं गुरुमां ज्वी धुंका: भिक्षा फ्वनेगु ज्याझ्वले भिक्षा बिज्या:म्ह शक्कवती गुरुमांयात यथा श्रद्धा दान बियादीगु ख: । ■

* सुनको भाउमा घटिबढि गर्न्या श्री बौद्ध श्री सिम्भू छैत्यको मठ भत्काएको पाप लाग्यास ।
– श्री ५ पृथ्वीनारायण शाह
* शान्तिको सन्देश अति प्राचीन छ । तर नेपालको सुपुत्र गौतमले यसलाई एक विशेष [illegible] प्रदान गरेको छ । – श्री ५ महेन्द्र
* नेपाली साहित्यको ज्ञानराशीमा नेपालमा जन्मेका विश्व शान्तिका अग्रदूत सिद्धार्थ [illegible] बुद्ध सम्बन्धी उपयोगी ग्रन्थ थपिनु प्रशंसनीय योगदान हो । – श्री ५ वीरेन्द्र

([illegible] दर्पण)



Downloaded from http://www.dhamma.digital

**थाइल्याण्ड, सिंगापुर, मलेसिया, म्यान्मार (बर्मा), चीन, श्रीलंका, मरिसस्**

**विगत ०८ बर्षदेखि विभिन्न देशहरूमा बौद्ध तीर्थयात्रा तथा अन्य विविध प्रकारका भ्रमणहरूको सफल प्रबन्ध गर्दै आगामी दिनहरूमा अफ्न उत्कृष्ट सेवाको लागि प्रतिबद्ध एक मात्र यात्रा प्रवन्धक।**

**साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाइ टिकट**

**तथा**

**ट्राभल सम्वन्धी अन्य बिविध सेवाको लागि:**

**ललित मण्डप ट्राभल्स् एण्ड टुर्स (प्रा.) लि.**

जावलाखेल, ललितपुर

*( सेण्ट जेवियर्स स्कूलको अगाडि )*

फोन : ५५४६५२६, ५५३५९२४, ५५४७७९७

फ्याक्स : ५५४७७९७

मोबाइल : ९८५१०२७१८३ (सुरज),

९८५१०२७८५५ (महेन्द्र), ९८४१२०८८२२ (अमोघ)


# उपासकया भिंतुना

■ बेखारत्न शाक्य, यल

( १ )

इले ज्ञानया मत च्याका:
श्रद्धेय भन्ते अश्वघोष,
शरण का: वन बुद्धया
जन्मया महत्त्व थ:गु खंका: ॥

( २ )

जीवन न्ह्याना बैश वंसाँ
नुग:या मत थिना च्वंगु
ई बी फुगु भिंगु घडि थैं
थिना च्वन जीवन-मत थैं ॥

( ३ )

उपदेश बीगु थाय् बाय् स्वया,
मद्वंगु आचरण ध्वहे धया,
बुद्धया शरणे बनेत मा:गु
शिक्षा बिया च्वनी ल्यया ल्यया: ॥

( ४ )

धन्य ख: छ्:पिसं न्ह्याकूगु जीवन,
लय्ता: भिंतुना देछाय् दया: ।
आशिका याना निरोगी जुइमा,
खुईदँ प्रव्रज्याया लसताय् ॥

( ५ )

न्हयन्हय्दँया बैशं सच्छिदँ क्यंसां,
भिं उसाँय् जुइमा न्ह्यावलें ।
स्वच्छगु नुगलं ध्व हे मनंतुने
चिरस्थायी जुइमा न्ह्याबलें ॥

"यदि विरोधी राजनीतिक परिस्थितिहरूको अवरोध खडा नगरेको भए बुद्ध-धर्मले विश्व विजय गर्थ्यो होला।"
*– भिक्षु संघरक्षित र डी. आलिसिंह (स्रोत: बौद्ध दर्पण)*

## अधिराज्यका विभिन्न स्थानहरूमा २५४८ औं बुद्ध पूर्णिमा महोत्सव सम्पन्न

**आनन्दकुटी विहार, स्वयम्भू ।** बैशाख २२ गते । अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष आचार्य भिक्षु कुमार काश्यप महास्थविरको सभापतित्वमा एवं श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकार तथा श्री ५ बडामहारानी कोमल राज्यलक्ष्मी देवी शाह सरकारको समुपस्थितीमा २५४८ औ. बुद्ध पूर्णिमा महोत्सवको सार्वजनिक सभा सम्पन्न गरिएको छ । भिक्षु कुमार काश्यप महास्थविरले पञ्चशील प्रार्थना गराउनु भएको उक्त समारोहमा प्रधानमन्त्री सूर्यबहादुर थापाले बुद्ध शिक्षालाई व्यवहारमा उतार्न सके देशमा शान्ति प्राप्त गर्नको लागि टेवा पुग्ने मनसाय व्यक्त गर्नु भएको थियो । यसरी नै आफ्नो मन्तव्य व्यक्त गर्ने क्रममा श्रीलंकाली महामहिम राजदूत श्रीमती आशिर्वाथमले नेपाल र श्रीलंकाबीचको धार्मिक सम्बन्ध विषयमा प्रकाश पार्नु भएको थियो । समारोहका सभापति आचार्य भिक्षु कुमार काश्यप महास्थविरले नेपालको वर्तमान द्वन्दात्मक स्थितिमा बुद्धको अहिंसा करुणा र मैत्रीको उपदेशलाई सबैले पालन गर्न आवश्यक रहेको विषयमा प्रष्ट पार्नु भएको थियो । गौतम शाक्यले स्वागत भाषण गर्नु भएको उक्त सभामा बुद्धरत्न बज्राचार्यले धन्यवाद ज्ञापन गर्नु भएको थियो । उक्त समारोहमा श्री ५ महाराजाधिराज सरकारबाट आनन्दकुटी विहारमा दर्शनार्थ राखिएको बुद्धको पवित्र अस्थिधातु दर्शन गरिबक्सेको थियो । उक्त कार्यक्रम २५४८ औं बुद्ध जयन्ती समारोह समितिको आयोजनामा सम्पन्न गरिएको थियो । आनन्दकुटीमा संचालित सभा समापन पश्चात् पवित्र अस्थिधातु, विभिन्न बाजा गाजा सहित थुप्रै नरनारीले नगर परिक्रमा गरिएको थियो ।

**हाँडिगाउँ, काठमाडौं ।** २०६१ बैशाख २२ गते । हाँडिगाउँ वडा नं. ५ मा २५४८ औं बुद्ध पूर्णिमाको उपलक्षमा साप्ताहिक धर्मदेशना, धर्मकीर्ति विहारका २० जना गुरुमांहरूको तर्फबाट भिक्षाटन, ज्ञानमाला भजन, रथयात्रा बौद्ध सभा आदि विविध कार्यक्रमहरू सम्पन्न गरिएको थियो ।

भिक्षाटनमा आउनुभएका गुरुमांहरूलाई श्रीमती पार्वती श्रेष्ठले भोजनको व्यवस्था मिलाउनु भएको थियो भने भजन खल:लाई पन्नाकाजी शाक्यले भोजनको व्यवस्था मिलाउनु भएको थियो ।

बुद्ध जयन्तीका दिन बुद्ध मूर्ति सजाइएको रथ सहित शोभा यात्राले नगर परिक्रमा गरी का.म.पा. वडा नं. ५ को प्राङ्गणमा पुगी बौद्ध सभामा परिणत भएको थियो । धर्मकीर्ति विहारका अनुपमा गुरुमां र इन्दावती गुरुमां का प्रमुख आतिथ्यमा सम्पन्न उक्त सभामा श्रीलंका राजदूतावासका काउन्सिलर श्री विमल डे सिल्वाको पनि उपस्थिती रहेको थियो । प्रमुख अतिथीद्वय गुरुमांहरूले आजको द्वन्दयुक्त समाजमा बुद्ध शिक्षाको उपादेयता विषयमा प्रवचन दिनुभएको उक्त सभामा श्री विमल डे सिल्वा, राजेश खरेल, नजरमान डंगोल, श्री नरेश डंगोल आदिले आ-आफ्ना मन्तव्य व्यक्त गर्नु भएका थिए । उक्त सभामा श्यामलाल चित्रकारले स्वागत भाषण गर्नु भएको थियो ।

सभाका सभापति श्री सूर्यलाल प्रजापतिले धन्यवाद ज्ञापन गर्नुहुँदै उक्त सभा समापन गर्नु भएको थियो ।

वैशाख १४-१९ गतेसम्म संचालित धर्मदेशना कार्यक्रममा धर्मकीर्ति विहारका श्रद्धेय गुरुमांहरूले धर्मदेशना गर्नुभएको थियो भने बैशाख २० गते यम्पी विहारका श्रद्धेय भिक्षु भद्दियबाट धर्मदेशना गर्नुभएको थियो । धर्मदेशना र भिक्षाटन कार्यक्रमका संयोजक श्री लक्ष्मण डंगोल रहनु भएको थियो ।

**कीर्तिपुर वडा नं. ८ दुसाल पालुवः ।** २०६१ वैशाख २२ गते । यसदिन २५४८ औं बुद्ध पूर्णिमाको उपलक्षमा शाक्यमुनि बुद्धको मूर्ति भिक्षु अश्वघोष महास्थविरको प्रमुख आतिथ्यमा अनावरण गरिएको थियो ।

**ललितपुर, लुभु ।** २०६१ बैशाख २० गते देखि २२ गते सम्म २५४८ औं बुद्ध पूर्णिमा महोत्सवको उपलक्षमा तीन दिने कार्यक्रम संचालन गरिएको थियो । उक्त कार्यक्रममा सरसफाइ, बुद्ध जीवन विषयमा छलफल र बुद्ध पूजा, धर्मदेशना, हाजिर जवाफ प्रतियोगिता,



Downloaded from http://www.dhamma.digital

बुद्ध मूर्ति रथमा सजाई नगरपरिक्रमा, आदि गरिएको थियो ।

**यशोधर महाविहार, ललितपुर, बुबहा ।** २०६१ जेठ (१७-२३) । २५४८ औं बुद्ध पूर्णिमा महोत्सवको उपलक्षमा जिल्लाव्यापी पुस्तकालय, क्लब परियत्ति शिक्षालय संघ संस्थाहरू विच बुद्ध र बुद्ध धर्म सम्बन्धी ३२ औं हाजिर जवाफ प्रतियोगिता सम्पन्न गरिएको समाचार छ ।

**रुद्रवर्ण महाविहार ओकुवहाल ललितपुर ।** २०६१ वैशाख (१२-२३) । २५४८ औं बुद्ध पूर्णिमा महोत्सवको उपलक्षमा ३४ पुरुष तथा २ महिलालाई प्रव्रज्या सतिपट्ठान विपस्सना भावना १३१ जना रक्तदाताहरूले रक्तदान, ज्ञानमाला भजन, स्वास्थ्य शिविर (वाल रोग, स्त्री रोग, सामान्य रोग, आँखा दन्त तथा जनरल सर्जिकल सम्बन्धी १८ जना सम्बन्धित रोगका विशेषज्ञ चिकित्सकहरू द्वारा ४६५ जना विरामीहरूलाई निशुल्क स्वास्थ्य परिक्षण तथा औषधी वितरण), श्रद्धेय धम्मवती गुरुमां डा. नरेशमान वज्राचार्य, अवतारी लामा फाक्छोक रिम्पोछे, श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविर, श्रद्धेय भिक्षु अश्वघोष महास्थविर, श्रद्धेय भिक्षु धम्मपाल आदिवाट धर्मदेशना कार्यक्रम सम्पन्न गरिएको समाचार छ ।

२१ गते प्रा. आशाराम शाक्यको प्रमुख आतिथ्यमा बौद्ध सभा सम्पन्न भएको थियो । श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकारबाट शुभकामना सन्देश पठाइबक्सेको उक्त समारोहमा "बुद्ध जयन्ती स्वर्ण महोत्सव स्मारिका २४९९-२५४८" को विमोचन हुनुका साथै बुद्ध धर्मकालागि योगदान गर्नुहुने ओकुबहालका ९ जना लगायत १० जना विशिष्ठ महानुभावहरूलाई सम्मान गरिएको थियो । सम्मानित विशिष्ठ महानुभावहरूको नामावली क्रमशः यसरी उल्लेख गरिएका छन्–

संघनायक भदन्त भिक्षु सुबोधानन्द महास्थविर, भिक्षु मञ्जुशासनधर, उपसंघनायक भिक्षु बुद्धघोष महास्थविर, भिक्षु अश्वघोष, महास्थविर, भिक्षु ज्ञानपूर्णिक महास्थविर, धम्मवती गुरुमां ञाणशीला गुरुमां, माधवी गुरुमां, बुद्धिराज शाक्य तथा लिपि विशेषज्ञ पं हेमराज शाक्य आदि ।

**आनन्द विहार, तानसेन पाल्पा ।** २०६१ वैशाख २२ गते । २५४८ औं बुद्ध पूर्णिमाको उपलक्षमा ज्ञानमाला संघ आनन्द विहारले शान्ति पदयात्रा, बौद्ध झण्डोत्तोलन, बौद्ध भजन क्यासेट वितरण एवम् अन्य विभिन्न धार्मिक कार्यक्रमहरूको आयोजना गरिएको समाचार छ। सर्जुलाल वज्राचार्यको अध्यक्षतामा संचालित उक्त धार्मिक कार्यक्रममा भिक्षु धम्मज्योती एवं दशरथ मुनि शाक्यले शान्तिपदयात्रामा सहभागी विद्यालयहरूलाई उपहार तथा प्रमाण पत्र वितरण गर्नुभएको थियो । उक्त कार्यक्रममा शोभा शाक्यले स्वागत भाषण गर्नुभयो भने सर्जुलाल वज्राचार्यले धन्यवाद ज्ञापन गरी कार्यक्रम समापन गरिएको थियो । विनय राज वज्राचार्यले उक्त कार्यक्रम संचालन गर्नुभएको थियो ।

**धादिङ्ग ।** २०६१ वैशाख २२, गुम्दी गा.वि.स. मा अवस्थित श्री स्याङ्ग स्याङ्ग छयोईलिङ्ग गुम्वा लामा समिती, नेपाल तामाङ्ग घेदुङ्ग गाउँ इकाई समिती तथा युवक बौद्ध मण्डल धादिङ्ग शाखाको संयुक्त आयोजनामा सोली गुम्वा भवनको प्राङ्गणमा २५४८ औं बुद्ध पूर्णिमा महोत्सव भव्य रुपमा मनाइएको समाचार छ ।

नरबहादुर लामाले श्रद्धालु धर्मप्रेमीहरूलाई स्वागत, लालमान चोदेनले सभा सम्बोधन, सूर्यवहादुर गुरुङ्गले विभिन्न प्रतियोगिताहरूमा विजयी बाल बालिकाहरूलाई हौसला स्वरूप पुरस्कारको व्यवस्था तथा वितरण समेत गरिएको थियो । चन्द्रबहादुर गुरुङ्गले समारोहमा उपस्थित सम्पूर्ण श्रद्धालु धर्मप्रेमीहरूलाई जलपान गराउनु भएको थियो ।

**यज्ञपुरी ६ चितवन ।** २०६१ वैशाख २२ गते । २५४८ औं बुद्ध पूर्णिमा महोत्सव को उपलक्षमा क्या. श्री इमान बहादुर गुरुङ्गको संयोजकत्वमा महाबौद्ध गुम्बा परिसरबाट बुद्ध प्रतिमा सजाइएको गाडी बाजा गाजा सहित नगर परिक्रमा गरिएको थियो ।

श्री गणेश बहादुर गुरूङ्ग, श्रीमती मीमाया गुरूङ्ग एवम् परिवारको तर्फबाट रु. २,५०,०००।- को लागतमा निर्माण गरिएको नवनिर्मित गेटलाई "सारीपुत्र गेट" नामाकरण गरी उक्त गेटको साँचो निर्माता श्री गणेशबहादुर गुरूङ्गले बौद्ध धर्म सेवा समाजका अध्यक्ष श्री देवेन्द्र गुरूङ्गलाई हस्तान्तरण गर्नुभएको थियो ।

उक्त गेट लामा आचार्य भिक्षु श्री जीत बहादुर गुरूङ्गले गेट खोली उद्घाटन गर्नुभएको थियो ।

यसैगरी .गुम्बा क्षेत्रभित्र दिपेन्द्र नगर निवासी श्री गज बहादुर गुरूङ्ग श्रीमती पार्वती गुरूङ्ग र दिपा गुरूङ्गद्वारा निर्माण गरिएको "खाने पानीको भण्डार टयांकी र बसेनी निवासी श्री धनराज गुरूङ्ग र जीताली परिवारद्वारा ३ ठाउँमा निर्माण गरिएको खाने पानीको धारा, सम्पन्न गरी प्रमुख लामाज्यूबाट पानीको धारा खोली उद्घाटन गरिएको थियो ।

श्री राम प्रसाद गुरूङ्गको सभापतित्त्वमा श्री पूर्ण बहादुर गुरूङ्गले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा श्री पद्म गुरूङ्गले पञ्चशील प्रार्थना गरी शुभारम्भ गरिएको थियो । उक्त कार्यक्रममा क्या. श्री कुलवहादुर गुरूङ्ग र श्री मीमाया गुरूङ्गलाई बौद्ध धर्म सेवा समाजका अध्यक्ष श्री देवेन्द्र गुरूङ्गले सर्वोत्कृष्ट स्वयंसेवी पुरस्कार (बुद्ध प्रतिमा) र प्रमाण पत्र प्रदान गर्नु भएको थियो । यसरी नै रक्तदाताहरू सौजन्यदाताहरू र समारोह समितिका संयोजकहरूलाई पनि उहाँले प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

कार्यक्रमको अन्त्यमा श्री चन्द्रमान गुरूङ्ग र पद्म गुरूङ्गले शुभकामना मन्तव्य व्यक्त गर्नुहुँदै कार्यक्रम सम्पन्न गरिएको थियो ।

**युवा बौद्ध संघ, विराटनगर** । २०६१ वैशाख २२ गते । २५४८ औं बुद्ध पूर्णिमाको उपलक्षमा युवा बौद्धसंघ परिवार आयोजनामा बौद्ध वक्तृत्त्वकला प्रतियोगिता बौद्ध चित्रकला प्रतियोगिता, बौद्ध हाजिरी जवाफ प्रतियोगिता आदि कार्यक्रमहरू सम्पन्न गरिएको समाचार छ भने विराट बौद्ध संघको आयोजनामा १ दिने ध्यान शिविर पनि संचालन गरिएको थियो । बुद्ध पूजा, कल्पवृक्ष दान, शान्तिपद यात्रा, धर्मदेशना आदि विभिन्न कार्यक्रमहरू सम्पन्न गरिएको उक्त समारोहमा विभिन्न प्रतियोगितामा सहभागी भई विजयी बन्न सफल विद्यार्थी एवं स्कुललाई प्रमुख अतिथीहरू लगायत युवा बौद्ध संघका अध्यक्ष श्री मोहन कृष्ण ताम्राकार लगायत अन्य व्यक्तिहरूले पनि पुरस्कार वितरण गर्नुभएको थियो । श्री ताम्राकारले नै स्वागत भाषण गर्नु भएको उक्त कार्यक्रम श्री महेश ताम्राकारले सञ्चालन गर्नुभएको थियो ।

**बेनीबजार, म्याग्दी** । ०६१ वैशाख २०-२२ सम्म । २५४८ औं वैशाख पूर्णिमा महोत्सवको उपलक्षमा म्याग्दी जिल्लाका विभिन्न बौद्ध संस्थाहरूको आयोजनामा तीनदिने कार्यक्रम संचालन गरिएको समाचार प्राप्त भएको छ । उक्त तीन दिन भित्र म्याग्दी अस्पतालमा रहेका १९ जना विरामीहरूलाई फलफूल वितरण, बुद्ध पूजा, धर्मदेशना, ज्ञानमाला भजन, शान्तिपद यात्रा, गरी बुद्ध विहार पुगी सभामा परिणत भएको थियो । उक्त कार्यक्रममा म्याग्दी बौद्ध संघलाई जग्गा दान गर्नुभई सहयोग गर्नुहुने कार्यक्रमका विशिष्ट अतिथी श्री पुण्य वहादुर शाक्यले कार्यक्रम उद्घाटन गर्नु भएको थियो । उक्त कार्यक्रममा हरिकृष्ण श्रेष्ठ, ब्रह्मकुमारी इन्द्र, प्रकाश श्रेष्ठ, आदिले वर्तमान देशको परिस्थितीको लागि बुद्ध शिक्षा धेरै महत्त्वपूर्ण रहेको विषयमा प्रकाश पार्नुभएका थिए । श्री यजनलाल शाक्यको सभापतित्त्वमा सम्पन्न उक्त कार्यक्रममा नरबहादुर थापा मगरले स्वागत मन्तव्य दिनु भएको थियो । याम शाक्यले उक्त कार्यक्रम संचालन गर्नु भएको थियो ।

**विश्वशान्ति विहार, नयाँ बानेश्वर, काठमाडौं** । २०६१ वैशाख २२ गते । २५४८ औं वैशाख पूर्णिमा महोत्सवको उपलक्षमा भोजपुर टक्सार शाक्य समाज र चैनपुर शाक्य समाजको संयुक्त आयोजनामा विभिन्न कार्यक्रमहरू सम्पन्न गरिएको समाचार प्राप्त भएको छ । प्राप्त समाचारमा उल्लेख भए अनुसार विश्वशान्ति विहारबाट बिभिन्न बाजा गाजा सहित नयाँ बानेश्वर क्षेत्रका विभिन्न विद्यालयका विद्यार्थीहरू, शिक्षक शिक्षिकाहरू लगायत विश्वशान्ति शिक्षालयका श्रामणेर विद्यार्थीहरू सम्मिलित थुप्रै उपासक उपासिकाहरूको सहभागितामा उक्त शान्ति शोभा यात्रा सम्पन्न गरिएको थियो ।

उक्त यात्रा पुन: विश्वशान्ति विहारमा फर्की सभामा परिणत भएको थियो । उक्त सभा केदार शाक्यको अध्यक्षतामा भिक्षु ज्ञानपूर्णिक महास्थविरले पञ्चशील प्रार्थना गराई शुरु गरिएको थियो । प्रदीप शाक्यको स्वागत मन्तव्य पश्चात भिक्षु ज्ञानपूर्णिक महास्थविरले धर्मदेशना गरिएको उक्त सभा भीम शाक्यले संचालन गर्नुभएको थियो ।



Downloaded from http://www.dhamma.digital

## बन्दी गृहभित्र बुद्ध प्रतिमा अनावरण

२०६१ बैशाख १७, भद्रबन्दी गृह, जगन्नाथ देवल, त्रिपुरेश्वर काठमाडौं ।



*भद्रबन्दी गृह प्रतिक्षालय हातामा नवनिर्मित बुद्ध प्रतिमा*

२५४८ औं बुद्ध पूर्णिमाको उपलक्षमा अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष आचार्य भिक्षु कुमार काश्यप महास्थविरको सभापतित्त्वमा एक समारोह बीच उहाँले भद्रबन्दीगृह प्रतिक्षालय हाताभित्र नवनिर्मित बुद्ध प्रतिमा अनावरण गर्नुभएको समाचार छ ।

शील प्रार्थना तथा परित्राण पाठ पश्चात् बुद्ध प्रतिमा अनावरण गरिएको उक्त समारोहमा भद्रबन्दी गृह चौकीदार तथा "बुद्ध प्रतिमा" निर्माण प्रमुख श्री ओम गुरूङबाट बुद्ध प्रतिमा निर्माण सम्बन्धि प्रतिवेदन प्रकाश गर्नु भएको थियो । उक्त कार्यक्रममा जेलमा जीवन बिताइरहेका बन्दीले आफ्नो मन्तव्य व्यक्त गर्दै भन्नुभयो - "अज्ञानतावस पहिला नराम्रा कार्य गर्न पुगेको हुँदा सजायँ स्वरूप यसरी बन्दी जीवन बिताउन परेको छ । बुद्ध शिक्षालाई केही मात्रामा बुझ्न पाएकोले आफ्ना गलतीहरू महशूस गर्ने क्षमता भएको छ । हाल ती खराब कार्यहरू आफुबाट पुनः नदोहऱ्याउने अठोट लिएको छु ।"

उक्त कार्यक्रममा भिक्षु कोण्डञ्ञ, भिक्षु सुमेध, सुवर्ण शाक्य, भोला प्रसाद शिवाकोटी, प्र.जि.अ. वामन प्रसाद न्यौपाने, युवराज पाण्डे आदिले आ-आफ्ना मन्तव्य व्यक्त गर्नुभएका थिए । कार्यक्रम संयोजक तथा आयोजक तर्फबाट विजय रत्न तुलाधरले धन्यवाद ज्ञापन गर्नुभएको सो सभा शान्तरत्न शाक्यले सञ्चालन गर्नुभएको थियो ।

## मैत्री बोधिसत्त्व महाविहार जमलमा बुद्धपूजा

काठमाडौं जमल स्थित मैत्री बोधिसत्त्व महाविहार परिसर भित्र हाल प्रत्येक महिनाको शुक्लपक्ष अष्टमी (औंसी पछिको अष्टमी) का दिन बुद्धपूजा, धर्मदेशना र जलपान कार्यक्रम संचालन गरिने निर्णय गरिएको समाचार छ । उक्त निर्णयानुसार मिति २०६१ बैशाख १६ र जेठ १४ गतेका दिन बुद्ध मूजा कार्यक्रम सम्पन्न गरिसकेको छ ।

मैत्री बोधिसत्त्व महाविहार सहयोग समितिको सक्रियतामा र धम्मवती गुरुमांको नेतृत्त्वमा उक्त कार्यक्रम संचालन गरिएको थियो । प्रवचनको क्रममा धम्मवती गुरुमांले मैत्री बोधिसत्त्वको परिचय दिनुहुँदै हरेक राम्रो कार्यको लागि राम्रो चित्तको भूमिका र सोही चित्त अनुसार रोपिएको कर्म रुपी बीऊको राम्रो प्रतिफल विषयमा व्याख्या गर्नुभएको थियो ।

प्रत्येक महिना शुक्लपक्ष अष्टमीको दिन संचालन हुने उक्त कार्यक्रममा उपस्थित सहभागी धर्मप्रेमीहरूलाई जलपानको व्यवस्था मिलाउने जलपान दाताहरूको नामावली यसरी उल्लेख गरिएको छ ।

| सि.नं. | जलपान दाता | बुद्धपूजा हुने दिन |
|---|---|---|
| १. | श्री मोहन सराफ, विश्वज्योती जमल | वैशाख १६ बुद्धबार |
| २. | श्रीमती सुवर्ण केशरी चित्रकार, सेतोदरबार, जमल | जेठ १४ बिहीबार |
| ३. | श्री धर्मवीर नरेश वीर शाक्य, सेतोदरवार जमल | आषाढ १२ शनीवार |



Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| ४. | श्री तेजानन्द राजेन्द्र शाक्य, सेतोदरवार जमल | श्रावण १० आइतवार |
| ५. | श्री अष्टधन तुलाधर कान्तीपथ | भाद्र ७ सोमबार |
| ६. | श्रीमती चिनीया माया तुलाधर, तीनधारा | आश्वीन ६ बुधबार |
| ७. | श्री हर्षरत्न स्थापित सपरिवार कान्तीपथ | कार्तिक ५ बिहीबार |
| ८. | श्रीमती केशरी लक्ष्मी कंसाकार सपरिवार जमल | मंसीर ४ शुक्रबार |
| ९. | श्रीमती कर्णकुमारी ज्ञानु तुलाधर सहित धर्मकीर्तिपुच: | पौष ४ आइतबार |
| १०. | श्री सुलक्षणकीर्ति विहार चोभार | माघ ४ सोमबार |
| ११. | श्री पंचवीर सिंह तुलाधर लाजिम्पात | फागुण ५ बुद्धबार |
| १२. | श्री बुद्धरत्न चन्द्रशोभा कंसाकार ज्याठा | चैत्र ५ शुक्रबार |

## दुर्लभ प्रव्रज्या शिविरमा ज्ञानमाला संघको सहभागिता

श्रद्धेय भिक्षु अश्वघोष महास्थविर तथा श्रद्धेय भिक्षु कुमार काश्यप महास्थविर को प्रव्रजित ६० वर्ष पूरा हुनुका साथै उक्त अवधिभर उहाँहरूले नेपालको बुद्ध शासनिक क्षेत्रमा पुऱ्याउनु भएको निरन्तर योगदानलाई कदर गर्नुका साथै द्वय भिक्षुहरूले ७७ औं वर्ष पूर्ण गर्नु भएको सुखद उपलक्ष्यमा सुखी होतु नेपालले गत २०६१ बैशाख १८ देखि २४ गते सम्म सप्ताहव्यापी **"शतकुलपुत्र अल्पकालिन दुर्लभ प्रव्रज्या शिविर"** कार्यक्रमको आयोजना गरिएको थियो । उक्त प्रव्रज्या शिविरमा ज्ञानमाला संघ आनन्द विहार तानसेनबाट देवेन्द्र मान शाक्य, विश्वमान वज्राचार्य, विरेन्द्रमुनि शाक्य र सुरेन्द्रमान शाक्य आदि गरी चार जनाले दुर्लभ प्रव्रज्या हुने मौका प्राप्त गर्नु भएका थिए ।

## उर्लाबारी गुम्बामा बौद्ध जागरण

मोरङ्ग, चैत्र १ गते । नेपाल तामाङ्ग घेदुङ्ग, लामा घेदुङ्ग केन्द्रिय समिति काठमाडौं र हिमाली बौद्ध कुल परम्परा संरक्षण समिती काठमाडौंको संयुक्त आयोजनामा उर्लाबारी गुम्वामा चैत्र १-३ गते सम्म बौद्ध जागरण प्रशिक्षण शिविर सम्पन्न भएको समाचार छ ।

खेन्पो ङ्वाङ्ग वोशेर लामा र महेन्द्रजंग तामाङ्गले संयुक्त रूपमा उक्त शिविरको उद्घाटन गरिएको थियो । पाल्देन लामाले स्वागत भाषण गर्नुभएको उक्त समारोहमा सिन्धुपाल्चोक, रामेछाप, धरान, धनकुटा आदि जिल्लाका गरी जम्मा ८० जना जति लामाहरूको सहभागिता रहेको कुरा बुझिन आएको छ । उक्त ३ दिने प्रशिक्षण शिविरमा प्रमुख प्रशिक्षक खेन्पो गुरुले चतुआर्य सत्य, शरणगमन, पञ्चशील, अष्टशील तथा कर्मकाण्डको विषयमा प्रशिक्षण दिनु भएको थियो ।

कार्यक्रमको तेश्रो दिन खेन्पो गुरुबाट उपस्थित भक्तजनहरूलाई सुस्वास्थ्य, दीर्घायु र सुख समृद्धि कामना गर्नुभएको थियो । शिविर समापन समारोहमा खेन्पो ङ्वाङ्ग वोशेर र प्रमुख लामा ङगवाङ छ्योज्योरलाई अभिनन्दन र नगद दान प्रदान गरिएको थियो । खेन्पो गुरु र थोथोङ गोम्पा रामेछापको प्रमुख लामा ङागवाङ छ्योज्योरले संयुक्तरुपमा सहभागीहरूलाई प्रमाण पत्र वितरण गर्नुभएको थियो । उक्त कार्यक्रम दावा लामाको सभापतित्वमा सम्पन्न भएको थियो ।

## दीपंकर परियति शिक्षालयको वार्षिक उत्सव सम्पन्न

२०६१ वैशाख २६ गते, शनिवार । नेपाल बौद्ध परियत्ति केन्द्र श्री दीपंकर परियत्ति शिक्षालयको वार्षिक उत्सव समारोह ल.पु.उ.म. नगर प्रमुख एवं राजसभाका सम्माननीय सदस्य श्री बुद्धिराज बज्राचार्यको प्रमुख अतिथित्वमा सम्पन्न भएको समाचार छ । श्रद्धेय भिक्षु भद्दियबाट पञ्चशील प्रार्थना गराइएको उक्त कार्यक्रममा केन्द्राध्यक्ष सुश्री अमिता धाख्वाले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने शिक्षिका सुश्री सति धाख्वाले शिक्षालयको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । सो अनुसार यस केन्द्रबाट ५६ जना विद्यार्थीहरू उत्तिर्ण भएका थिए । उक्त कार्यक्रममा श्रद्धेय भिक्षु भद्दिय, श्री शाक्य सुरेन र चित्र रत्न शाक्यले बौद्ध परियत्ति शिक्षाको महत्त्व एवं परियत्ति विद्यार्थीहरूलाई प्रेरणा तथा प्रोत्साहन दिनु पर्ने कुरा औंल्याउनु भएको थियो । नागबहालमा स्थापित सामुदायिक स्वास्थ्य सेवा समितिले दीपंकर परियत्ति शिक्षालयका विद्यार्थीहरूलाई निशुल्क स्वास्थ्य परीक्षण पनि गरि आएको कुरा प्रशंसनीय भएको कुरा जानकारी दिइएको थियो । प्रमुख अतिथि सम्माननीय श्री बुद्धिराज बज्राचार्य ज्यूले उत्तिर्ण विद्यार्थीहरू सबैलाई पुरस्कार वितरण गरिएको थियो नागबहाल टोल सुधार समितिका अध्यक्ष श्री ज्ञानबहादुर शाक्यले धन्यवाद ज्ञापन गरिएको थियो । उक्त कार्यक्रम सुश्री रचना वज्राचार्यद्वारा सञ्चालन गरिएको थियो ।



Downloaded from http://www.dhamma.digital

कोषाध्यक्ष श्री हेराकाजि सुजिकाबाट प्रस्तुत गरिएको आय व्यय विवरण यस प्रकारका छन्–

— आय —

| | |
|---|---|
| भिक्षु बुद्धघोष महास्थविरबाट | २४०।- |
| ल.पु. उ. म. न. पालिका | ५०००।- |
| श्री ज्ञानज्योति कंसाकार | ५०००।- |
| श्री पुष्प शाक्य | ५००।- |
| गुण ज्यास: पसः | ५००।- |
| गणेशबहादुर शाक्य | ५००।- |
| करणबहादुर | ३००।- |
| मंगललाल उपासक | २००।- |
| बसन्तमान शाक्य | २००।- |
| जम्मा = | १२,७४०।- |

— व्यय —

| | |
|---|---|
| जलपान | ४५२०।- |
| पुरस्कार | ३६००।- |
| निमन्त्रणा कार्ड | ३००।- |
| मेचको लागि | २००।- |
| ज्यामि ज्याला (२ जना) | ४००।- |
| अन्य | ३००।- |
| (परियत्ति कोष | ३४२०।-) |
| जम्मा = | १४,७४०।- |

★ न्यू ताम्राकार हाउस - ५ जोर लुगा ।

★ कीर्तिबहादुर वज्राचार्य - १ जोर लुगा ।

दाता महानुभाव सबैलाई धन्यवाद ।

## बुद्ध धर्म प्रचारमा योगदान पुऱ्याउनुहुने व्यक्तिहरू सम्मानित

२०६१ वैशाख १०, ललितपुर । बुद्ध शिक्षानुसार मानिसहरूको मनमा सुख शान्ति र धर्म चित्त उत्पन्न गर्ने, बौद्ध ग्रन्थहरूको प्रकाशन, विहार एवं गुम्बा र चैत्यहरू निर्माण र सम्भार कार्यमा उल्लेखनीय योगदान पुऱ्याउनुहुने व्यक्तित्वहरूलाई एक समारोहमा अभिनन्दन गरिएको समाचार छ ।

सिद्धि इन्द्र स्मृति कोषको आयोजनामा संचालित उक्त अभिनन्दन कार्यक्रममा आचार्य ङवाङ वोशेर खेन्पो लामा, भिक्षुणी सुजाता, बुद्धरत्न वज्राचार्य, धर्मरत्न वज्राचार्य र दाता साहु द्रव्यमान सिंह तुलाधर आदिलाई बौद्ध सेतो गुम्वाका अवतारी गुरु फाक्छोक रिम्पोछेले सम्मानपत्र प्रदान गर्नु भएको थियो ।

कोषका अध्यक्ष प्रा. आशाराम शाक्यको सभापतित्त्वमा सम्पन्न उक्त समारोहमा कोषका महासचिव केदार शाक्य, उपाध्यक्ष एवं पूर्वमेयर वेखारत्न शाक्य, भिक्षु कौण्डञ्ञ, कृष्णमान, भिक्षुणी सुजाता, कोषका संस्थापक धर्म बहादुर शाक्य आदिले आआफ्ना मन्तव्य व्यक्त गर्नु भएका थिए ।

स्मरणिय छ, कोषले विगत ६ वर्ष देखि बुद्ध शिक्षा प्रचार प्रसार कार्यमा लाग्ने व्यक्तिहरूलाई निरन्तर सम्मान गर्दै आएको कुरा बुझिएको छ ।

## बि.एल.आइ.ए. नेपाल च्याप्टरको प्रथम वार्षिक सभा र बि.एल.आइ.ए. को स्थापना दिवस

२०६१ जेठ ३ गते । रसियन कल्चरल सेण्टर, कमलपोखरी, काठमाडौं ।

यसदिन भिक्षुणी अनोजाको सभापतित्त्वमा र काठमाडौं महानगरपालिकाका मेयर केशव स्थापितको प्रमुख आतिथ्यमा बि.एल.आइ.ए. नेपाल च्याप्टरको प्रथम वार्षिक सभा र बि.एल.आइ.ए. स्थापना दिवसको उपलक्ष्यमा एक समारोह संचालन गरिएको थियो ।

हरिमान रंजितले स्वागत भाषण गर्नुभएको उक्त समारोहमा मेयर केशव स्थापितले कार्यक्रमको उद्घाटन गर्नुभएको थियो । उक्त कार्यक्रममा देवकाजी शाक्यले बि.एल.आई. ए. नेपाल च्याप्टरको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने रतिराम कपालीले आय व्यय विवरण प्रस्तुत गर्नुभएको थियो । यसरी नै उक्त सभामा भिक्षु कोण्डञ्ञले आशिर्वचन दिनु भएको थियो ।

उक्त सभामा आफ्नो मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू यसरी हुनुहुन्थ्यो ।

म्यानमार राजदूत, श्रीलंका राजदूत, थाई राजदूत, का.म.न.पा.का मेयर केशव स्थापित, शंकर पौडेल, धर्मबहादुर शाक्य र भिक्षुणी अनोजा आदि ।

दर्शना गुरुमांले उद्घोषण गर्नुभएको उक्त सभामा बि.एल.आइ.ए. नेपाल च्याप्टरका सदस्य र साधारण सदस्यता प्रमाण पत्र वितरण गरिएको थियो । समारोहको दोश्रो खण्डमा नेपालका मौलिक बौद्ध नृत्यहरू पनि प्रस्तुत गरिएको थियो ।

## नेपाल बौद्ध परियत्ति शिक्षाको ४१ औं समूहको दिक्षान्त समारोह

२०६१ वैशाख १२ गते । मणिमण्डप महाविहार, ललितपुर । नेपाल बौद्ध परियत्ति शिक्षाको ४१ औं दिक्षान्त समारोह सम्पन्न गरिएको समाचार छ । नेपाल बौद्ध परियत्ति शिक्षाका शिक्षाध्यक्ष भिक्षु बुद्धघोष महास्थविरको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रम अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष भिक्षु कुमार काश्यप महास्थविरको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो ।

## भिक्षाटन कार्यक्रम

२०६१ वैशाख २२ गते, नगदेश ठिमी । २५४८ औं बुद्ध पूर्णिमा महोत्सवको उपलक्षमा नगदेश बौद्ध समूह र बौद्ध ल्यायम्ह पुचः नगदेशको संयुक्त तत्त्वावधानमा मध्यपुर थिमि नगर ४, ५ र ६ स्थित नगदेश परिक्रमा गरी भिक्षाटन कार्यक्रमको आयोजना गरिएको समाचार छ । श्रद्धेय श्रामणेर तथा गुरुमांहरू बाट भिक्षाटन गरी नगदेश बुद्ध विहारको धम्महलमा पुगी बुद्ध पूजा गरिएको उक्त कार्यक्रममा श्रद्धेय श्रामणेर ज्ञानोदयले उपासको-पासिकाहरूलाई पञ्चशील, अष्टशील प्रार्थना गराउनु भएको थियो भने श्रद्धेय केशावती गुरुमांले बौद्ध परियत्ति शिक्षाका उत्तीर्ण विद्यार्थीहरूलाई प्रमाण पत्र र पुरस्कार वितरण गर्नुका साथै धर्मदेशना गर्नुभएको थियो । दीपकराज साँपालले स्वागत मन्तव्य दिनुभएको उक्त सभामा कृष्ण कुमार प्रजापतीले पनि प्रवचन दिनु भएको थियो भने शिवभक्त मेजुले धन्यवाद ज्ञापन गर्नुभएको थियो । न्हुच्छेकुमार सिंकेमन को सभापतित्वमा संचालित उक्त कार्यक्रमको अन्त्यमा पुण्यानुमोदन गरी सभा विसर्जन गरिएको थियो ।

## गुरुमां प्रव्रज्या सम्पन्न

नगदेश बौद्ध समूहका सदस्य एवं नगदेश बुद्ध विहारका उपासिका तुलसीमाया प्रजापती र श्रद्धालु सहयोगी गणेश हरी प्रजापतीको छोरी नीरु प्रजापतिलाई वि.सं. २०६१ वैशाख १७ का दिन नगदेश बुद्ध विहारको धम्महलमा श्रद्धेय गुरुमांहरू रत्नमञ्जरी, धम्मवती र केशावती समेतबाट केश कप्पन गरी प्रव्रजित गुरुमां बनाइएको थियो । गुरुमां भएपछि धम्मवती गुरुमांबाट उनीलाई “सुभद्रावती” नामाकरण गरिएको छ । गुरुमां सुभद्रावतीलाई नगदेश बुद्ध विहारको धम्महलमा नै भिक्षाटन गराईएको थियो ।

## स्वास्थ्य शिविर

२०६१ वैशाख २६ गते, युवा बौद्ध पुचः भक्तपुर ।

युवा बौद्ध पुचः भक्तपुरको आयोजनामा २५४८ औं वैशाख पूर्णिमाको उपलक्षमा स्थानिय सरस्वती विद्यागृह मा.वि. भक्तपुर-४ मा निशुल्क स्वास्थ्य परिक्षण शिविर सञ्चालन गरिएको समाचार छ । ५०० जना व्यक्तिहरूले स्वास्थ्य परिक्षण गराइएको सो शिविरमा डा. विजय मानन्धर, डा. प्रकाश कायष्ठ, डा. जयन श्रेष्ठ, डा. अमिर बाबु श्रेष्ठ, डा. कृष्ण काजी भोमी, डा. शशिन्द्र भूजु, डा. एलीना शाक्य, डा. आदर्श शिद्धी वज्राचार्य, डा. कृष्ण गोपाल भूजु लगायत भक्तपुर अस्पतालका अन्य नौजना सहायक डाक्टरहरूले समेत स्वास्थ्य परिक्षण सेवा गर्नु भएका थिए । कार्यक्रमका प्रमुख अतिथी भिक्षु धम्मशोभण महास्थविरबाट शील प्रार्थना गराउनु भई स्वास्थ्य सम्वन्धी बुद्धशिक्षामा आधारित प्रवचन दिनुभएको थियो ।

## ज्ञानज्योति उपासकलाई अग्रधर्मानुदाता उपाधि

२०६१ वैशाख २० गते, ललितपुर । नेपालमा बुद्ध शासन चिरस्थायी गर्ने मनसायले दशकौं देखि आर्थिक सहयोग गर्दै आउनुभएका दाता ज्ञानज्योति कंसाकारलाई बौद्ध अध्ययन समाज नेपालले एक समारोह बिच “अग्रधर्मानुदाता” उपाधिद्वारा विभूषित गरिएको छ । अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष आचार्य भिक्षु कुमार काश्यप महास्थविर, पण्डित वद्रीरत्न वज्राचार्य र का निंग सेद्रुबलिङ गुम्बाका लामा गुरु फाग्छवग रिम्पोछे को प्रमुख आतिथ्यमा सञ्चालित उक्त कार्यक्रम बौद्ध अध्ययन समाजका अध्यक्ष गौतमवीर वज्राचार्यको सभापतित्वमा सम्पन्न भएको थियो । भिक्षु कौण्डञ्ञ, डा. नरेशमान वज्राचार्य र नारायण प्रसाद रिजाल, आदिले आफ्नो मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा डा. भद्ररत्न बज्राचार्यले दाता कंसाकारको परिचय सुनाउनु भएको थियो । उक्त कार्यक्रममा धर्मसुन्दर वज्राचार्यबाट रचित “अग्रधर्मानुदाता साहु ज्ञानज्योति कंसाकार संक्षिप्त जीवनी” पुस्तक विमोचन गरी उपस्थित सबैलाई वितरण गरिएको थियो । सुखी होतु नेपालले उक्त पुस्तक निशुल्क वितरणार्थ प्रकाशन गरिएको थियो ।



Downloaded from http://www.dhamma.digital

## भिक्षु कुमार काश्यपबाट उपहार

२०६१ बैशाख ५, नगरमण्डप श्रीकीर्ति विहार । बु.सं. २५४७ को नेपाल बौद्ध परियत्ति शिक्षामा उत्तिर्ण विद्यार्थीहरूलाई एक समारोहमा प्रेरणा स्वरूप अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष भिक्षु कुमार काश्यप महास्थविरबाट उपहार प्रदान गरिएको समाचार छ ।

## बोर्ड प्राप्त र उत्तीर्ण हुने विद्यार्थीहरूलाई पुरस्कार

२०६१ जेठ २३ गते, वेलुवनाराम विहार, ठेचो-९, ललितपुर । वेलुवनाराम परियत्ति शिक्षा केन्द्रको तर्फबाट बु.सं. २५४७ मा बुद्ध शिक्षा परियत्ति परिक्षामा बोर्ड प्राप्त गर्न सफल र उत्तीर्ण हुने विद्यार्थीहरूलाई प्रेरणा स्वरूप दशौं प्रेरणा पुरस्कार वितरण समारोहको आयोजना गरी पुरस्कार वितरण गरिएको समाचार छ ।

उक्त कार्यक्रम मित्रराष्ट्र श्रीलंकाका महामहिम राजदूत Mrs. Grace Ammal Ashirwatham को प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो ।

## ज्ञानज्योति परियति शिक्षा अक्षय कोष यात न्यागु लाख

यें कसा: त:धं गुथि पाखें न्ह्याका वया च्वंगु "बौद्ध परियति शिक्षा" या निरन्तरताया निंतिं गुथिया नायो अले अग्र धार्मानुदाता उपाधिं विभूषित साहु ज्ञान ज्योति कसा:जुं न्यागु लाख तका या अक्षय कोष नी स्वना विया दिगु दु । उगुकोषं वईगु ब्याज पाखें दँय्दसँ परीयत्ति शिक्षा सञ्चालनया निंतिं आवश्यक खर्च यायगु नं गुथिं धागु दु ।

बौद्ध दर्शन सम्बन्धि ज्ञान दया, सचरित्र, नैतिक वान व स्वच्छ समाजया निर्माणे तधंगु तिव: जुईगु उगु बौद्ध परियत्ति शिक्षा या निंतिं वयक साहुया हे विशेष पहले थगुने निसें कसा: त:धं गुथि पाखें संचालन याना वया च्वंगु ख: । लुमंके बहजु नेपाले जक मखु विदेशे तकं धार्मिक ख्यले नां जा:म्ह साहु ज्ञान ज्योति कसा: जुं नेपाल भाषा ख्यले नं ता:ई नसें निरन्तर आर्थिक ग्वाहालि विया वया च्वना दीगु खसा छुं न्हि न्ह्यो तिंनि नेपाल लिपि गुथियात रञ्जना लिपि व भुजिं मो लिपिया निंतिं प्यंगु लाख दाँया अक्षय कोष नीस्वना दिगु ख: ।

## भिक्षाटन ज्याझ्व:

२०६०, चैत्र २८ गते । भिक्षु अश्वघोष महास्थविर या ६० दं प्रव्रजित वर्षया उपलक्षे युवा बौद्ध समूहया आयोजनाय् भिक्षु अश्वघोष महास्थविर पाखें शुरु याना बिज्या:गु उगु भिक्षाटन ज्याझ्वलय् २२ म्ह भिक्षु व श्रामणेरपिं सहभागी जुया विज्या:गु ख: । भिक्षु अश्वघोष महास्थविर अभिनन्दन समारोह समितिया आयोजनाय् न्ह्या:गु थुगु ज्याझ्वले भिक्षु कुमार काश्यप महास्थविर, त्रिरत्न मानन्धर शान्तरत्न शाक्य, आदि पाखें थ:थ:गु मन्तव्य प्वंका बिज्या:गु ख: । तेजनारायण मानन्धरं न्ह्याकादीगु थुगु ज्याझ्वले जुजुभाई तुलाधरं सुभाय् देछानादीगु ख: ।

## निन्हुयंकं उपोसथ शील समादान सम्पन्न

वंगु ज्या:पुन्हीया लसताय् नगरमण्डप श्री कीर्ति विहारे जेठ २० व २१ गते उपोसथ व्रत समादान कार्यक्रम सम्पन्न जूगु समाचार दु ।

भिक्षु आनन्द व भिक्षु सुजनकीर्तिपिसं सञ्चालन याना विज्या:गु थुगु कार्यक्रमे व्यवस्थापन, सल्लाह सुझाव व धर्मदेशना श्रद्धेय कीर्तिज्योती महास्थविर व मीना गुरुमांया पाखें सम्पन्न जूगु ख: ।

थुगु उपोसथ शिविरे ३५ म्ह उपासकोपासिकापिसं ब्वति का:गु ख: । सुथय् ४ बजेनिसें संचालन जूगु थुगु कार्यक्रमे धर्मदेशना, ध्यान भावना, धर्म छलफल, परित्राण पाठ, धम्मपद, थेरीगाथा जातक बाखँ व बौद्ध देशया भिडियो क्यनेगु ज्याझ्व नं सम्पन्न जूगु ख: ।

जेठ २१ गते अर्हतथेरी यशोधराया अस्ति धातु नं प्रदर्शन जूगु जुल । सहभागी साधक साधिकापिनिगु अनुरोधकथं पुन्हीपतिकं थुगु उपोसथ शील कार्यक्रम न्ह्याकायंकेगु खँ क्वजीगु समाचारे उल्लेख जुयाच्वंगु दु ।

## दिवंगत उपासकया लुमन्ती परित्राण पाठ व धर्मदेशना

बनेपा ध्यानकुटी विहारया सहयोगी सोमकाजी शाक्यया अबुजु व पूर्णमाया शाक्यया जहान श्री लुचिकाजी शाक्य ता: ई तक लोचं कया: २०६१ बैशाख १२ गते शनीवार दिवंगत जुयादीगुलिं वयक:या पुण्य स्मृतिस वैशाख १३ निसें १६ तक श्रद्धेय भन्तेपिं बोधिसेन महास्थविर, गुणघोष महास्थविर, अश्वघोष महास्थविर व राहुल स्थविर पाखें परित्राण पाठ याना बिज्या:गु समाचार दु ।

बा.अ.का.द.नं. - ७०/०४०/४१

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरुज्झन्ति तेसं ऊपसमो सुखो**



बुदिं : वि.सं. १९८८ माघ २८ गते

मदुगुदिं : २०६० चैत्र ६ गते

# मदुम्ह : बद्री कुमारी मानन्धर

कमलाक्षी, असं

पार गथे जुई मांया ऋणं, सेवा याय मगाःनि जिम्सं थन,
आसे तक धाय् मलाक जिमिसं, यंकल भगवान छन्त थनं !

*आकाभ्काकां मदुम्हः मां बद्री कुमारी मानन्धरया पुण्य स्मृतिस सःश्रद्धा बिचाः हायूका च्वमापिं*

| *काय पिं :* | *भौमचा पिं :* | *म्ह्याय् मचापिं :* | *जिचा भाजुपिं :* | *भिन्चा - जिलाजं* |
|---|---|---|---|---|
| अशोक मानन्धर | सरिता मानन्धर | निर्मल मानन्धर | लक्ष्मण मानन्धर | रोसनी मानन्धर - |
| अनुज मानन्धर | रचना मानन्धर | सुभद्रा मानन्धर | सैगल कुमार श्रेष्ठ | पुरुषोत्तम (पुष्प) मानन्धर |
| | | सुमित्रा मानन्धर | राजेन्द्र मानन्धर | |
| | | सुनिला मानन्धर | राजेन्द (राजु) मानन्धर | |

| *छय पिं :* | *छयभौ, छय् जिचा भाजुपिं :* | *छुई पिं :* |
|---|---|---|
| रवीन मानन्धर | रबिना मानन्धर | रक्षक, कृति, श्लेषा, |
| रमिला मानन्धर | प्रकाश मानन्धर | सक्षम व नश्वा |
| रन्जिता मानन्धर | नबीन्द्र मानन्धर | सकले मानन्धर परिवार |
| रोसनीं मानन्धर | डा. अरुण मानन्धर | (कमलाक्षी, असं, ये) |

स्वेता, रुजेस, रुजीना, सभा, श्रद्धा, शिरिश, अरस्तु,
रोजन, सफल व आयुष

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय: नक्साल, नागपोखरी, पोष्ट बक्स: ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं, नेपाल । फोन: ४४३४८५०, ४४३४७०३, फ्याक्स: (९७७-१) ४४३३९२९
व्यापारिक कार्यालय: शुक्रपथ, काठमाडौं । फोन: ४२५९०३२, ४२५९४५०, फ्याक्स: (९७७-१) ४२५८६७८

Downloaded from http://www.dhamma.digital